## पूर्ण इजलास

१

**मा.न्या. श्री तपबहादुर मगर, मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री सुशीला कार्की,** फौ.पु.नं. २०६५-CF-००१४, कर्तव्य ज्यान, *हर्कबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादी लामकाँधे भन्ने हर्कबहादुर वि.क.ले अनुसन्धान अधिकारीसमक्ष लेखाएको बयान व्यहोरालाई निजउपरको किटानी जाहेरी दरखास्त र सोलाई समर्थन गरी जाहेरवालीको अदालतसमक्ष भएको बकपत्र, अनुहारमा रगत लागेको, दाहिनेपट्टि छातीमा ३ ईञ्च छाला खुइलिएको, दाहिने कानबाट रगत बगेको, पेट सुनिएको भन्ने मृतकको लास जाँच मुचुल्का एवं लासको आन्तरिक अङ्गको परीक्षणबाट Right side of liver and right lung lacerated भएको भन्ने उल्लेख भै शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Shock as a right of injury to vital organs भनी उल्लेख भएका वस्तुनिष्ठ प्रमाणले समर्थन गरेको पाइयो। घटना वारदात सम्बन्धमा मिसिल संलग्न तथ्य प्रमाणबाट मृतकलाई कर्तव्य गरी मार्नमा यी प्रतिवादी लामकाँधे भन्ने हर्कबहादुर वि.क.को संलग्नता पुष्टि भएको अवस्था देखिएको हुँदा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसूरमा ऐ. महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०२२३, उत्प्रेषण परमादेश, *सिद्धि शमशेर ज.ब.रा. समेत वि. उषाकुमारी शर्मा समेत*

निवेदकहरूको स्थायी वतन काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल रहेको भन्ने स्पष्ट रूपबाट उल्लेख भएको देखिएको, निवेदकहरूको नाममा काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद कानूनअनुरूको रीतपूर्वक नै तामेल भएको पाइएको तथा निवेदनमा विवाद उठाइएको कि.नं. ९५ को जग्गा विपक्षी उषाकुमारी शर्माले मिति २०५९।११।१ मा रश्मी धारेवाललाई हालैको बकसपत्रमार्फत हक हस्तान्तरण गरी हाल सो जग्गामा तेस्रो पक्षको हकको समेत सिर्जना भैसकेकोमा निजलाई विपक्षी बनाई विपक्षी नबनाएको समेतका आधार एवं कारणबाट निवेदन मागबमोजिम काठमाडौं जिल्ला अदालतबाट निवेदकहरूका नाममा मिति २०५८।९।२ मा तामेल भएको म्याद तथा सो म्यादका आधारमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०५८।११।२० को फैसला र मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको मिति २०५८।१२।१५ को दर्ता नामसारी निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ १४ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०४८५, उत्प्रेषण, *प्यारीलाल शाही वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत मुद्दा २०६३ साल मंसिर ५ गते पछिको घटनाका सम्बन्धमा दायर भएको देखिएकोले नेपाल सरकारको मिति २०६५।७।११ मा भएको निर्णयबमोजिम सो मुद्दा फिर्ता लिन सकिने किसिमको देखिन आएन। यस स्थितिमा हुम्ला जिल्ला अदालतबाट समेत सो तथ्यका सम्बन्धमा कुनै विचार नै नगरी मुद्दा फिर्ता लिन अनुमति दिइएको कार्य त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब उपरोक्त मुद्दामा कानूनबमोजिम कार्यविधि पूरा गरी इन्साफ गर्नु भनी विपक्षी हुम्ला जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६५ सालको रिट नं. ०५५१, *जानकी ठकुरी वि. कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०३५७, उत्प्रेषण, *माधवकुमार बस्नेत समेत वि.प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकारलाई मुद्दा फिर्ता लिने सम्बन्धमा आधार कारण खुलाई नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता गर्न निर्णय गर्ने अधिकार रहेको, यस्तो निणय स्वतः कार्यान्वयन हुने प्रकृतिको नभई अदालतसमक्ष अनुमति माग गर्नुपर्ने र सम्बन्धित जिल्ला अदालतले प्रत्येक मुद्दाको विषयवस्तु, मुद्दा फिर्ता लिने निर्णय गर्दा नेपाल सरकारले दिएको आधार, कारण र औचित्य समेतलाई विचार गरी मुद्दा फिर्ता गर्ने अनुमति दिएको अवस्थामा मात्र मुद्दा फिर्ता हुने कानूनी व्यवस्था रहेको निवेदकले बदर गरेको नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।७।११ बमोजिम फिर्ता लिने भनी उल्लेख भएका मुद्दाहरू उल्लेख्य संख्यामा फिर्ता भैसकेको र बाँकीका हकमा सम्बन्धित जिल्ला अदालतबाट कानूनबमोजिम मुद्दा फिर्ताको अनुमति दिन मिल्ने वा नमिल्ने भनी जाँच गरी निर्णय लिने अवस्था रही नै रहेको र निवेदकले माग गरेबमोजिम मुद्दा फिर्ता लिनेसम्बन्धी मापदण्ड २०५५।५।१ को मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको अवस्था समेत देखिएबाट निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम्।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ००४५, बन्दीप्रत्यक्षीकरण, *कुमार शाह वि. बालसुधार गृह सानोठिमी समेत*

आफूले गरेको कार्यको प्रकृति र परिणाम छुट्याउन सक्ने विवेकको प्रादुर्भाव उमेर तत्व (Age Factor) लाई कारक मानी कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने बालकलाई सजायमा छूट दिने व्यवस्था गर्नुको साथै तहकीकात वा पुर्पक्ष गर्दा समेत पुर्पक्ष गर्दा समेत प्रचलित कानूनले अनिवार्यरूपमा थुनामा राखेर गर्नुपर्ने भनी तोकेको कसूरमा समेत बालबालिकालाई मुद्दा हेर्ने अधिकारीले विविध परिस्थितिको मूल्याङ्कन गरी थुनामा नराख्न पनि सक्ने व्यवस्था वालवालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० मा गरिएको हुँदा चोरी मुद्दामा थुनछेक आदेश हुँदा माग गरिएको धरौटी राख्न नसकेको भनी बाल सुधार गृहमा थुनामा राखेको कार्य गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बालसुधार गृहबाट मुक्त गरिदिने।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ ७ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६७ सालको ०६७-MS-०००१, अदालतको अपहेलना, *राजन अधिकारी समेत वि. शकुन्तला थापा समेत*

शकुन्तला थापाले कानून व्यवसायी भइकन पनि आफूले बहस गरेको मुद्दामा यस अदालतले गरेको कानूनबमोजिमको फैसलामा चित्त नबुझे न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिमको मार्ग अवलम्बन गर्नुपर्नेमा यसको विपरीत आफूले वहस गरेको मुद्दा हारेको भन्दैमा बिना आधार र बिना प्रमाण Corrupt Judge आदि भनी लगाएको आरोपलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत बोलेको भन्न मिल्दैन। उक्त आरोपले विचार र अभिव्यक्तिको स्वतन्त्रताको लक्ष्मण रेखा पार गरी त्यसरी मनपरी बोल्नु र भन्नु अदालतको अपहेलना हो। विचार अभिव्यक्तिको स्वतन्त्रता अनियन्त्रित स्वतन्त्रता होइन।

कसैले आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्दा प्रचलित कानूनको सीमाभित्र रहन पर्ने ।

निहीता विश्वास, शकुन्तला थापाको छोरी र चार्ल्स शोभराजको पत्नी भन्ने जिकीर निजले वयानमा उल्लेख गरेको छ। समग्र वयान हेर्दा पत्नी भएको नाताले मुद्दा फैसला हुँदा सफाई पाउने आस गरे पनि सजाय भएको सुन्दा सहन नसकी आवेशमा आएर त्यस्तो बोलिएको भनी आफूलाई बचाउन खोजेको देखिन्छ। निवेदकको भनाई सही मानिए पनि र चार्ल्स शोभराजको पत्नी नै भए पनि निवेदकको निवेदकको उमेर २१ वर्षको भन्ने देखिन्छ। निज कुनै मानसिक रोग लागेको वा सुस्त मनस्थितिको वा शारीरिक अपाङ्ग वा रोग लागेको व्यक्ति भन्ने नदेखिई स्वस्थ र तन्दुरूस्त व्यक्ति भन्ने देखिन्छ। टि.भी. मा निजले व्यक्त गरेको आक्रोश हेर्दा निज शिक्षा प्राप्त बौद्धिक क्षमता भएको व्यक्ति भन्ने बोध हुन्छ। यी सब कुराको विचार गर्दा एउटा शिक्षित स्वस्थ र तन्दुरूस्त व्यक्तिले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले कानूनबमोजिम गरेको काममा बिना आधार झूट्टा र तथ्यहीन आरोप लगाउने कार्य गर्न पाइन्न भन्ने थाहा पाउनु पर्छ। अदालतको मान्यता, प्रचलन, व्यवहार (Norms, Usage, Practice) र कानून थाहा नभएको भन्ने जिकीर स्वीकार्य हुँदैन। तसर्थ निज निहीता विश्वासले व्यक्त गरेको शब्द लाञ्छना र अभिव्यक्तिले पनि अदालतको अपहेलना गरेको देखिँदा विपक्षी द्वयको आरोपको गाम्भीर्यता माफी लायक नभएको र विचार र अभिव्यक्तिको स्वतन्त्रताको लक्ष्मणरेखा Outer Perimeter पनि पार गरेको कारण विपक्षीहरूलाई माफी पर्याप्त हुँदैन। तसर्थ विपक्षीहरूलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) अनुसार जनही ७ दिन कैद र रू.५० जरीवाना हुने ।

इजलास अधिकृतः ईश्वर आचार्य

कम्पयुटरः बेदना अधिकारी

इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको नि.नं. ०६७-WO-००२०,बन्दीप्रत्यक्षीकरण, *मचाकाजी महर्जन समेत वि. महानगरीय प्रहरी परिसर स्वयम्भू समेत*

निवेदकहरू मचाकाजी महर्जन र अमिरउदिन नै थुनामुक्त भैसकेको अवस्थामा प्रस्तुत रिटको औचित्य नै समाप्त Infructious भई सकेको देखिन्छ। तसर्थ यस्तो औचित्य समाप्त भै सकेको रिटको तथ्यभित्र प्रवेश गरी निर्णय गर्नुको सार्थकता नहुनुको साथै उल्लिखित अपहरण तथा शरीर बन्धक मुद्दामा सम्बन्धित निकायबाट कानूनअनुरूप कारवाही हुने नै हुँदा प्रस्तुत रिटमा निवेदकको मागबमोजिम आदेश जारी गर्न परेन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर १० गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०५३७, परमादेश समेत, *बिमला खड्का समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकको मागअनुरूपको कार्य स्वयं विपक्षीहरूले आफैं पूरा गरी आफ्नो कर्तव्य र दायित्व पूरा गरिसकेको देखिँदा रिट निवेदनको औचित्य समाप्त भैसकेको देखिन्छ। यस्तो अवस्थामा औचित्यविहीन रिट निवेदनमा यस अदालतले आदेश जारी गर्दैन र विपक्षीहरूले रिट निवेदन मागअनुसार काम गरिरहेको अवस्थामा रिट जारी गरी अनावश्यक हस्तक्षेप र दवाव दिन नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः विश्व+ निर्मला

इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको रिट नं. WO-८९१, परमादेश समेत, *विनय समशेर ज.ब.रा. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनबमोजिम रोक्का फुकुवाको लागि लेखी आए रोक्का फुकुवा गर्ने कानूनी कर्तव्य तोकिएको मालपोत कार्यालयले कि.नं. २९० समेतका जग्गा रोक्का जनाएको कार्यमा कुनै कानूनी त्रुटि भएको नदेखिएको, जग्गा फुकुवा सम्बन्धमा जि.भू.सु.अ. काठमाडौंको २०२३।१।२३ को निर्णय अन्यथा नभएसम्म

जग्गा फुकुवा गर्न मिलेन भनी गरेको भूमिसुधार कार्यालय भक्तपुरको मिति २०६४।११।१४ को निर्णयबाट निवेदनको हक अधिकारमा आघात पुगेको नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ चैत ९ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-०७०३, परमादेश समेत, *सविना दमाई समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आमा नेपालको नागरिक तर बाबु नेपाली नै भए पनि पत्ता नलागेको वा बाबु को हो भन्ने कुरा आमाले नै यकीन गर्न नसक्ने यस्ता अवस्थाका नेपालको नागरिक आमाबाट नेपालमा नै जन्मिएका बालबालिकाले नेपालको अन्तरिम संविधानको धारा ८(२) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था भएकोले आमाको नामबाट सहज तरिकाले नेपालको नागरिकता पाउने बालबालिकाको मौलिक हक र मानव अधिकार भएको हुँदा आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापीरूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिचयपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा निर्देशात्मक आदेश समेत जारी हुने ।

CEDAW ले महिलामाथि भेदभाव गर्ने सबै प्रकारका खराब प्रचलन, परम्परा, प्रथा आदिलाई भर्त्सना गरी आवश्यक परे कानून बनाई त्यस्ता खराब प्रचलन, परम्परा प्रथा आदि उन्मूलन गर्नुपर्ने व्यवस्था गरेको हुँदा नेपाली समाजमा अझै बाँकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी हुने ।

रूढीगत प्रथा, संस्कृति र प्रचलनलाई उन्मूलन गर्नको लागि आवश्यक जनचेतना जगाउन आवश्यक शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री रणबहादुर बम,** देपु.नं.२०६३-CI-०५७६, दे.पु.नं.२०६३-CI-०५७७, अंश नामसारी, *कर्णबहादुर थापा वि. वीरबहादुर थापा, नरबहादुर थापा मगर वि. वीरबहादुर थापा*

प्रतिवादीहरूले केही जग्गाहरू निजी आर्जनको भन्ने जिकीर लिए पनि निजी आर्जनको भरपर्दो र विश्वासिलो स्रोत र प्रमाण पेश नगरेको अवस्थामा अपुष्ट दावी गरेको भरमा बिना आधार र प्रमाण निजी आर्जन मान्न नमिल्ने ।

वादीले निजको नाममा दर्ता रहेको जग्गा कुनै अंशियारलाई कानूनबमोजिम हालैको बकसपत्रको माध्यमबाट हस्तान्तरण गर्नुको अर्थ सो सम्पत्तिबाट आफ्नो हिस्सा परित्याग गरेको सम्झनु पर्दछ । मुलुकी ऐनमा २०३४।९।२७ मा भएको सातौं संशोधनले निजी सम्पत्तिको अवधारणा आई सकेपछि सगोलकै अंशियारले पनि निजी रूपमा सम्पत्ति आर्जन गर्न सक्ने र आफूखुशी गर्न पाउने व्यवस्था भैरहेको समेत देखिन्छ । सो सम्पत्ति सगोलको र आफ्नो समेत बण्डा लाग्ने भनी प्रतिवादीले विवाद उठाएको समेत देखिएन । यस अवस्थामा आफ्नो नाममा दर्ता कायम भएको जग्गालाई वादीले प्रतिवादी नरबहादुरलाई बकस गरिदिएपछि सोही जग्गाबाट स्वयं वादीले नै अंश पाऊँ भन्न विवन्धको सिद्धान्तले नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दे.पु.नं. २०६३-CI-०५७३, अंश बुझेको भरपाई बदर, *कर्णबहादुर थापा वि. वीरबहादुर थापा*
- दे.पु.नं. २०६३-CI-०५७४, दे.पु.नं. २०६३-CI-०५७५, हालैको बकसपत्र बदर, *नरबहादुर थापा मगर वि. वीरबहादुर थापा, हरिबहादुर थापा वि. वीरबहादुर थापा*

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** रिट नं. ०६४-WO-०९६३, उत्प्रेषण परमादेश, *राजेन्द्ररत्न बज्राचार्य समेत वि. नेपाल दूरसञ्चार कम्पनी लि. दूरसञ्चार भवन भद्रकाली समेत*

भैरहेको कानूनी प्रावधानलाई निष्प्रभावी पार्ने उद्देश्यले गरिने कामकारवाहीलाई कतैबाट पनि प्रोत्साहन दिइनु हुँदैन। यस अदालतले सम्बन्धित कानूनउपर संवैधानिकताको प्रश्न उठाई न्यायिक पुनरावलोकनको रिट निवेदन परेमा मात्र सम्बन्धित कानूनी प्रावधानको संवैधानिकताको परीक्षण गर्ने र सो बाहेकको अवस्थामा प्रचलित कानूनलाई सम्मान र पालना गर्ने गर्दछ। निवेदकहरूले विद्यमान कानूनी व्यवस्थाको पालना र अनुशरण गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर ३ गते रोज ६ शुभम्।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** रिट नं. ०६४-WO-०३७४, उत्प्रेषणयुक्त परमादेश, *कृष्णमान श्रेष्ठ समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल दूरसञ्चार कम्पनीको शेयर तत्कालीन नेपाल दूरसञ्चार संस्थानलाई नेपाल दूर सञ्चार कम्पनी लिमिटेडमा परिणत गर्दाको मिति २०६०।१।१ सम्म कार्यरत् तथा सो मितिपश्चात् नियुक्त भई मिति २०६४।२।१० सम्म कार्यरत वा सो मिति अगावै उक्त कम्पनीबाट सेवानिवृत्त भएका जुनसुकै कर्मचारीलाई उपलब्ध गराउने भन्ने विषय विशुद्धरूपमा नीतिगत रहेको देखिन्छ। निवेदकहरूलाई प्रचलित कानूनले उपलब्ध गराएको हक हनन् भएको नदेखिएको र प्रत्यर्थी कम्पनीमा निश्चित अवधिमा नियुक्त भई निश्चित अवधिसम्म कार्यरत् कर्मचारीहरूलाई निश्चित सीमाको शेयर उपलब्ध गराउने भनी गरिएको नीतिगत निर्णयको विषय सम्बन्धमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर ३ गते रोज ६ शुभम्।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. २०६३-CI-०८७७, निर्णय बदर, *बसमतिया लोहैन वि. रामनारायण ठाकुर लोहार समेत*

मोहियानी हक नै स्थापित नभएकी पुनरावेदिका वादीले वादी श्रीराम जानकी मुडवल वा मठको कामकाज गर्ने व्यवस्थापक राम श्रेष्ठ राय यादवले प्रतिवादी रामनारायण ठाकुर लोहारउपर दिएको कुत दिलाई मोही निष्काशन गरिपाऊँ भन्ने मुद्दामा भूमिसुधार कार्यालय रौतहट, गौरबाट मिति २०५४।९।१३ मा भएको फैसला बदर गरिपाऊँ भनी दिएको फिरादका आधारमा उक्त फैसला बदर हुने अवस्थाको देखिन नआएकाले उक्त फैसला बदर नहुने।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम्।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. ०६६-WO-०९६८, उत्प्रेषण मिश्रित परमादेश, *डम्बरप्रसाद शिवाकोटी वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकार, मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको मिति २०६६।११।१७ को बैठकद्वारा २०६७ बैशाखदेखि लागू हुने गरी गरिएको विवादित निर्णय तथा सो निर्णयको आधारमा जारी गरिएको विवादित परिपत्र मुलुकी ऐन दान बकसको महलको १ नं. र २ नं. रजिष्ट्रेशनको महलको ४ नं. र १४ नं तथा मालपोत ऐन, २०३४ को दफा ८ को उपदफा

(२) समेतमा भएका कानूनी प्रावधानहरू अनुकूल देखिएन । सरकारले आवश्यक व्यवस्थाको निर्णय गरी परिपत्र गर्दा भैरहेको कानूनी अवस्थालाई प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने हुन्छ । यसरी गर्न लागेको निर्णय, व्यवस्थाले भैरहेको कानूनी अवस्थालाई प्रत्यक्षतः असर पार्दछ भने त्यस्तो समग्र कानूनी व्यवस्थामा आवश्यक सुधार र परिमार्जन नगरी गर्न मिल्दैन । केवल नीतिगत निर्णय भनी परिपत्र मात्र गरी त्यस्तो गर्न हुँदैन । यसर्थ उल्लिखित वर्तमान कानून अनुकूल नहुने गरी गरिएको नेपाल सरकार, मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको उक्त मिति २०६६।११।१७ को निर्णय तथा सोसँग सम्बन्धित सबै निर्णय एवं परिपत्र तथा पत्राचारहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६८ बैशाख २७ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६४ सालको रिट नं. ०६३-WO-१२२६, उत्प्रेषण समेत, *गोविन्द झा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदकलाई विभागीय कारवाही गर्नलाई निजले अनिवार्य अवकाश पाई सकेको हुँदा सो सिफारिश निष्प्रयोजन भैसकेको पाइएको र बिगो भराउने सम्बन्धमा अधिकार प्राप्त निकायबाट निर्णय नभएको र कार्यान्वयनमा आउने अवस्था समेत नभई थप कारवाही हुँदा निवेदकले आफ्नो प्रतिरक्षा गर्न पाउने अवस्था विद्यमान नै हुँदा हाल त्यस्तो विषयमा भएको भनिएको निर्णय बदर गरिपाऊँ भनी निवेदकको परेको रिट निवेदनउपर थप विचार गरिरहनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६७ सालको रिट नं. ०६६-WO-१३४१, अधिकारपृच्छा, *भैरवप्रसाद मानन्धर समेत वि. अजवलाल यादव समेत*

संस्थान ऐन, २०२१ को दफा ४(२) को कानूनी व्यवस्था पृथक-पृथक देखिई जो सुकै कानूनले निषेध गरेको व्यक्ति दुग्ध विकास संस्थानमा महाप्रवन्धक हुन सक्ने हुँदा निवेदकले जिकीर लिएको नजीर यस मुद्दामा आकर्षित हुने अवस्था देखिन आएन । अजवलाल यादवलाई महाप्रवन्धक पदमा नियुक्ति गरेको विपक्षीको कामकारवाही संस्थान ऐन, २०२१ अनुसार रहेको र विपक्षी दुग्ध विकास संस्थान लगायतका प्रत्यर्थीहरूले निवेदकको कुनै संवैधानिक एवं कानूनी हकमा आघात पुऱ्याएको अवस्था नदेखिँदा रिट निवेदन मागअनुरूप अधिकारपृच्छा लगायतका आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ३४८७, उत्प्रेषण, *बजरंगप्रसाद साह वि. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, भानुचोक धनुषा समेत*

निवेदकले लिएको कर्जा चुक्ता नगरेको कारणबाट नेपाल राष्ट्र बैंकको निर्देशन एवं कानूनी व्यवस्थाका आधारमा निवेदकलाई कालो सूचीमा रहेको अवधिसम्म कुनै पनि कम्पनीको सञ्चालक पदमा रहन नपाउने भन्ने कानूनी व्यवस्था कार्यान्वयन गर्ने क्रममा निवेदकउपर गरिएका उक्त कामकारवाहीले निवेदकको संविधान र ऐनप्रदत्त अधिकारको हनन् भएको नदेखिएकाले मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत, महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. ३५३४, उत्प्रेषण, *बजरंगप्रसाद साह वि. राष्ट्रिय वाणिज्य*

*बैंक शाखा कार्यालय, भानुचोक धनुषा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ४**

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** ०६६-CR-००२९, आयकर, *खुमराज पुंजाली वि. भोलाबिक्रम थापा*

२ जनालाई दिएको Advance मा लाग्ने ब्याज Addback गर्ने गरी भएको निर्णयमा सो सम्बन्धमा स्पष्ट बोल्नुपर्नेमा सो सम्बन्धमा केही उल्लेख नगरी भएको राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण देखिएकोले निजहरूको सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्नु भनी राजश्व न्यायाधिकरण काठमाडौँमा पठाई दिने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६५-WO-०३८०, उत्प्रेषण समेत, *हरिकृष्ण महर्जन वि. सिँहबहादुर महर्जन समेत*

अंश मुद्दामा भएको फैसलामा "कि.नं. ५७ मा बनेका घरहरू र कि.नं. ५८ को घर र त्यसले चर्चेको जग्गा समेत बण्डा नलाग्ने गरी फैसला देखिन्छ। तर तहसीलदारले सो फैसला कार्यान्वयन गर्दा कि.नं. ५७ र ५८ को घरजग्गा बण्डा नलाग्ने गरी गर्नु भनी तहसीलदारबाट आदेश भएको देखिएको छ। फैसला कार्यान्वयनको जिम्मा पाएका अधिकारीले फैसला कार्यान्वयन गर्दा अन्तिम रहेको फैसलाको भावनाविपरीत र सो फैसलाको प्रतिकूल नहुने गरी सम्बन्धित फैसलामा अभिव्यक्त शब्दहरूलाई मध्यनजर राखी सोहीबमोजिम फैसला कार्यान्वयन गर्नु पर्ने हुन्छ तर सोबमोजिम नगरी कि.नं. ५७ र ५८ का घरजग्गा बण्डा नलाग्ने भनी तहसीलदारबाट कारवाही र आदेश भएको र सोही आदेश जिल्ला न्यायाधीशबाट सदर भएको देखिन्छ। साथै यी रिट निवदेक र प्रत्यर्थी समेत वादी प्रतिवादी भई चलेको अंश मुद्दाको अन्तिम भएको फैसलामा कि.नं. ५७ र ५८ का घरहरू र सो घरले चर्चेको जग्गा बाहेक गरी वादी प्रतिवादीबाट पेश भएको तायदातीबाट वादीले ४ खण्डको १ खण्ड अंश पाउने ठहर भएकोले सो फैसलाको प्रतिकूल हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।९।४ मा आदेश भएको देखिन नआएकोले सो आदेशबाट रिट निवेदकको कुनै संवैधानिक र कानूनी हकमा आघात परेको नदेखिने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर १७ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०६३-AP-०१२७, अदालतको अपहेलना, *हेमराज अधिकारी समेत वि. गोकुल बास्कोटा समेत*

कलमजीवी पत्रकारहरूबाट सम्प्रेषित, लिखित र प्रकाशित सामग्रीबाट यदि जनतामा अदालतप्रति रहेको विश्वास एवं आस्थामा वा अदालतको कार्य सम्पादन प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्षरूपले व्यवधान उत्पन्न गर्ने कार्य हुन्छ भने त्यस्तो कार्य निशचय नै अपहेलनाजनक हुने ।

वास्तविकताहीन सामग्रीले अदालतमा रहने जनआस्थाप्रति नकारात्मक भावनाको सम्प्रेषण गरेको भई त्यसले समस्त न्यायपालिकाप्रति अदालतको लक्ष्य हुँदैन । सम्बन्धित पक्षले आफ्नो क्रियाबाट अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर परेको महसूस गराउनु नै पर्याप्त हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-WO-०१८८, अधिकारपृच्छा समेत, *मिलनकुमार राई वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकको आसय र भावनाअनुरूप विपक्षी बनाउनु पर्ने उर्जा मन्त्रीलाई विपक्षी नबनाएबाट निज सञ्चालक समितिको अध्यक्षको हकमा आदेश जारी गर्नुपर्ने अवस्था नआई सदस्यको

रूपमा काम गर्ने उर्जा सचिवको विरूद्धमा मात्र रिट जारी हुने अवस्था हुन जाने हुँदा निवेदकको कार्यबाट नै रिट निवेदन दिनुको सार्थक र फलदायी औचित्य रहने नहुँदा यस्तो आंशिक परिणाम दिने रिट जारी हुन नसक्ने हुँदा निवेदकको मागबमोजिमको जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस २ गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८५९६, अपुताली हक कायम, दर्ता, *लालदेव राय यादव वि. सहदेव राय यादव*

छुट्टिएको बुबाको अपुताली अन्यथा प्रमाणित नभए सबै छोराले बराबर पाउने कुरामा दुईमत छैन । यस्तो अवस्थामा मर्ने बुबा रामबृक्षको जीवनकालको अन्तिम समय आफ्नो छोरालाई अंश दिई सकी जे जति सम्पत्ति बाँकी भई दर्ता कायम छ सोही सम्पत्तिमा निजका छोराले अपुताली पाउने हुन्छ । तर फिरादमा पिताको दर्ता कायमी जग्गा नखुलाएकोमा महोत्तरी जिल्ला अदालतको आदेशबाट निज रामवृक्षको नाउँमा हाल दर्ता कायम रहेको जग्गा खुलाउन वादीलाई आदेश भएकोमा २०५८।११।२१ मा वादीले कागज गरी दिँदा निज रामवृक्षको नाममा रहेका जग्गा उल्लेख गरी कागज गरी दिएको देखिएकोले सोही ५ कित्ता जग्गामध्येबाट वादीले ४ भागको १ भाग अपुताली पाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस २५ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५-WO-०३१६, उत्प्रेषणयुक्त परमादेश, *खिवराज शर्मा समेत वि. मेलम्ची खानेपानी विकास समिति, बानेश्वर समेत*

आयोजनामा कार्यरत् कर्मचारीहरूको सेवा अवधि सम्बन्धमा उल्लेख भएको मेलम्ची खानेपानी विकास समिति, कर्मचारी सेवा शर्त नियमावली, २०५६ हेर्दा सो नियमावलीको नियम १३(४) अनुसार कर्मचारीको सेवा अवधि समितिले तोकेको अवधिसम्मको लागि हुने भन्ने उल्लेख भएको र समितिले निवेदकहरूको सेवा अवधि २०६५ असार मसान्तसम्म थप गरेको देखिन्छ । यसरी कुनै निश्चित अवधि तोकी नियुक्ति पाएका निवेदकहरूले निश्चित सो अवधि व्यतीत भएपछि पनि सेवामा बहालै रहनु पर्ने भन्ने भनाई कानूनसंगत नदेखिनाले समेत निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस २ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५-CI-०६५५, सार्वजनिक कुलो बाटो मिची निर्माण गरेको पर्खाल सार्वजनिक कुलो नै कायम गरिपाऊँ, *अमृतरत्न शाक्य समेत वि. इन्दिरा खत्री*

ललितपुर उपमहानगरपालिकाबाट यसै बाटोको सिलसिलामा जाँच गर्न भनी खटी आएको कर्मचारीले विवादित जग्गा नापजाँच गर्दा नक्साभन्दा विपरीत अमृतरत्न शाक्यले पर्खाल लगाएको देखिन्छ भनी मिति २०५५।१।४ मा प्रतिवेदन दिएको देखिन्छ । त्यसैगरी नापी शाखा ललितपुर र नगर विकास समिति ललितपुरको संयुक्त कार्यदलद्वारा तयार पारिएको सीमाङ्कनअनुसार समेत अमृतरत्न शाक्यले आफ्नो स्रेस्ताअनुसारको ५-१-०-० जग्गाभन्दा बढी जग्गा देखाई नक्सा पास गराई ५-२-३-० जग्गामा घर निर्माण रहेको ललितपुर उपमहानगरपालिकाको फायलबाट देखिएको हुँदा समेत यी पुनरावेदक प्रतिवादीको साविकमा राजकुलो र हाल बाटो रहेको जग्गा मिची पर्खाल लगाएको देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस २७ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५-CI-०६५६, सार्वजनिक कुलो बाटो कायम राखिपाऊँ, *अमृतरत्न शाक्य*

*वि. इन्दिरा खत्री* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-CI-१२६५,हक कायम गुठी दर्ता नामसारी निर्णय बदर, *अमृतरत्न तुलाधर वि. ज्ञानदास तुलाधर समेत*

दावीको अघि कि.नं. ९७ भई हाल नापी हुँदा कायम भएको कि.नं. १३१ को जग्गाको सम्बन्धमा नै वादी र प्रतिवादीहरूले छुट्टाछुट्टै हकको स्रोत देखाई दावी गरेको अवस्थामा मालपोत कार्यालयले सक्षम अदालतबाट हक बेहक गरी ल्याएमा दर्ता हुने भनी सुनाई दिनपर्नेमा सो नगरी आफ्नो अधिकारक्षेत्र नभए पनि आफैंले निर्णय गरेको कानूनसंगत देखिएन । तेरो मेरोको प्रश्नमा सबूद प्रमाण बुझी कुनै एकपक्षको हक कायम गर्ने अधिकार मालपोत कार्यालयको अधिकार क्षेत्रभित्र नपर्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६४-CI-०४३८,निषेधाज्ञा, *अमृतरत्न तुलाधर वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५-CI-०८५३, निषेधाज्ञा, *रञ्जु पाण्डे (सेन) समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निवेदकहरूले दावी गरेबमोजिमको सरूवा भइसकेकाले आशंकाको अवस्था विद्यमान नरहेको साथै निजको अघि भएको सरूवा मितिबाट हाल २ वर्षको अवधि व्यतीत भइसकेको अवस्थामा प्रस्तुत निवेदनको औचित्य समेत समाप्त भई सकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६५-CI-०८५४,निषेधाज्ञा, *नरबहादुर खत्री वि. सामान्य प्रशासन मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-१३५५, उत्प्रेषण परमादेश समेत, *दीपक अग्रवाल वि. बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान समेत*

एक मात्र बोलपत्र परी प्रतिस्पर्धा हुन नसकेको र बोलपत्र सूचनामा उल्लेख गरिएबमोजिम प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार विपक्षी प्रतिष्ठानमा निहीत रहने कुरा उल्लेख भई सोहीबमोजिम बोलपत्र रद्द गरेको तथा पुनः बोलपत्र सूचनाबमोजिम हुने आपूर्ति प्रक्रियामा निज निवेदक सम्मिलित हुन पाउने अवस्था विद्यमान रहेको समेत हुनाले रिट निवेदकको पेशा रोजगार गर्न पाउने लगायतका मौलिक हकमा आघात भएको अवस्था नदेखिने ।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. ०४३४, ०४६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरोज हाङस्रोङ लिम्बू, सरोज हाङस्रोङ लिम्बू वि. नेपाल सरकार*

सामान्य वादविवाद भै तत्काल उठेको रिस थाम्न नसकी काठको चीरपटले यादव फोम्बो जानी चन्द्र फम्बोको टाउकोमा प्रहार गर्दा चन्द्र फोम्बोको मृत्यु भएको देखिएबाट ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्थाअनुरूप निज प्रतिवादी सरोज हाङस्रोङ लिम्बुलाई १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको CR-०२३४, CR-०२८७, CR-०२८८, पर्ति जग्गा नामसारी गरी भ्रष्टाचार गरेको, *दुर्गादत्त सिग्देल वि. नेपाल सरकार, नारायणप्रसाद सापकोटा समेत वि. नेपाल सरकार, अनिल श्रेष्ठ समेत वि. नेपाल सरकार*

कसैको नाममा दर्ता नभएको जग्गा सार्वजनिक पर्ति, ऐलानी जे जस्तो नाम दिइएको भएपनि त्यस्तो जग्गा आफ्नो नाममा दर्ता गराउने कार्य रीतपूर्वकको मान्न सकिँदैन। आफ्नो नाममा विधिवत रूपमा आउन नसक्ने तथा अदालतले समेत हक स्थापित गराई दिन नसकेको जग्गालाई जबर्जस्ती आफ्नो नाममा ल्याउने प्रयास गर्ने कार्य प्रतिवादीहरूले असल नियत साथ गरेका हुन् भनी भन्न मिल्दैन। प्रतिवादीहरूको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र ८ बमोजिम एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को वर्णित व्यवस्थाअन्तर्गत पर्ने।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६२ सालको CR-३७२२, भ्रष्टाचार, *नेपाल सरकार वि.प्रत्येकरत्न ताम्राकार समेत*

नेपाल सरकारको स्वामित्वमा नै नआएको सम्पत्ति हिनामिना गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को जहिलेसुकै पनि मुद्दा दायर गर्न मिल्नेसम्बन्धी व्यवस्था आकर्षित गरी प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी कानूनले तोकेको हदम्याद नघाई दायर गरेको तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अधिकार प्रत्यायोजन नै नभएको अधिकारविहीन विशेष प्रहरी विभागले दायर गरेको प्रस्तुत मुद्दाको आरोपपत्र नै खारेज हुने।

इजलास अधिकृतः रमेश ज्ञवाली, विमल पौडेल

इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६२ सालको CR–३६६१, भ्रष्टाचार, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. बुद्धेश्वर चौधरी*

भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसारको भ्रष्टाचारको कसूरका सम्बन्धमा अदालती बन्दोवस्तको ३२ नं. को हदम्यादसम्बन्धी व्यवस्था आकर्षित नभई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसारकै हदम्यादसम्बन्धी व्यवस्था आकर्षित हुने देखिन्छ। सो व्यवस्थाबमोजिम सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा जहिलेसुकै र सो बाहेक अन्य प्रकारको भ्रष्टाचारमा विभागीय कारवाही टुङ्गिएको ६ महिनाभित्र वा अन्यमा अनुसन्धान शुरू भएको मितिले २ वर्षको हदम्याद हुने भनी उल्लेख गरिरहेको देखिँदा प्रस्तुत मुद्दामा सरकारी सम्पत्ति हिनामिनाको प्रश्न नभएकाले जहिलेसुकै मुद्दा दायर गर्ने हदम्याद हुन्छ भनी मान्न नमिल्ने।

इजलास अधिकृतः रमेश ज्ञवाली, विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको CR-०५३९, जालसाजी, *कासी साह कानु वि. ढेला महतो धानुक समेत*

२०२२ सालमा फेकु स्वयंले भरी पेश गरेको पारिवारिक लगतको विवरणमा स्पष्टरूपमा भुखल महतोलाई आफ्नो छोरा भनी उललेख गरेको देखियो। सो व्यहोरा कहीं कतैबाट बदर नभई जीवित रहेको पाइन्छ। प्रस्तुत मुद्दा पर्नुभन्दा धेरै अगाडि स्वयं मोहीले भरी पेश गरेको विवरण बदर नभएसम्म सो विवरणले प्रमाणिक महत्व राख्दैन भन्न मिल्दैन। यी वादीले भुखललाई महिपालका छोरा हुन् भनी दावी गरे तापनि स्वयं महिपालकै बुहारी हिरमतिया देवीले भुखल, फेकुका छोरा हुन् भनी अ.बं. १३९ नं. बमोजिम गरेको बयानमा उल्लेख गरेको पाइँदा सर्जमीनका अधिकांश व्यक्तिहरूको भनाई र अरूले समेत लेखाउन सक्ने मतदाता नामावलीमा महिपालका छोरा भुखल हुन् भन्ने उल्लेख हुँदैमा २०२२ सालको विवरणलाई गौण प्रमाण मानी भुखल महिपालका छोरा

रहेछन् भन्न मिल्ने देखिएन। फेकु महतोको छोरा भुखल नभएको भए स्वयं फेकुले अरूका छोरालाई आफ्नो छोरा भनी लेखाउनु पर्नेसम्मको अवस्था आउने थिएन। यस अवस्थामा पेश भएका प्रमाणहरूको विवेचनाबाट भुखल महतो फेकुको छोरा भएको पुष्टि भएकोले पुनरावेदक वादीको भनाईअनुसार भुखल महिपालको छोरा फेकुको भतिजा भएको कुरा प्रमाणित हुन सकेन। फेकुको छोरा भुखल महतो नै भएको प्रमाणित हुन आएकोले भएको सत्य साँचो व्यहोरा लेखी लेखाई भएको पारित रजिष्ट्रेशन व्यहोरा लगायतका कार्य गर्दा प्रतिवादीहरूले जालसाजी गरेको देखिन नआउने।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम्।

- यसै लगाउको संवत् २०६४ सालको CR-०६२७, जालसाजी, *कलावती साह कानुइन वि. ढेला महतो धानुक समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको CI-०६४७, परमादेश, *असर्फी धोवी वि. मालपोत कार्यालय बर्दिया समेत*

जग्गाधनी भगिरथ अहिर र विपक्षी दुर्योधन यादवबीच पारित भएको दृष्टिबन्धकको लिखत बदर नभई यथावत् रहेको अवस्थामा सो लिखतको आधारबाट रोक्का रहेको जग्गा कानूनबमोजिम फुकुवा नभएसम्म अन्य व्यक्तिलाई बण्डा लगाउन एवं दाखिल खारेज गर्न मिल्ने देखिँदैन। यस अवस्थामा निवेदकको मागबमोजिम विपक्षी मालपोत कार्यालय बर्दियाको नाममा उल्लिखित जग्गाहरूमा निवेदकले मोही बाँडफाँडबाट पाएको भाग जति फुकुवा गरी निवेदकको नाममा दाखिल खारेज नामसारी गरी दिनु भनी परमादेशको आदेश जारी गर्ने आधार र अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको CI–१०९६, जोत खिचोला, *शेरबहादुर माक श्रेष्ठ समेत वि. लक्ष्मीमाया माक श्रेष्ठ*

मोही तेरो मेरोको प्रश्नमा मोहीको लगत १ नं. मा अनुसूची जोताहा अस्थायी निस्सा, फिल्डबुकमा जनिएको मोहीको नाम थरका अतिरिक्त साविकमा भएको निर्णयहरूले समेत प्रामाणिक महत्व राख्ने हुँदा एकपटक कुनै दावी खारेज हुने गरी अदालतबाट फैसला भएकै भरमा प्रतिवादीहरूको मोहियानी हक स्थापित भएको भन्ने अर्थ निकाल्नु न्यायसंगत नहुने।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल मंसिर ३ गते रोज ६ शुभम्।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको CI–११४४, निषेधाज्ञा, परमादेश, *मानबहादुर खड्गी वि. जनक सुवेदी*

नमूना उच्च माध्यमिक विद्यालय इलाम, उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा १७ बमोजिम उच्च शिक्षा परिषद्ले बनाएको सम्बन्धन सम्बन्धी विनियमहरू २०५५ को परिच्छेद् ३ विनियम ३.१(१) बमोजिमको सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालय रहे भएको देखिएकोले त्यस्तो उच्च माध्यमिक विद्यालयमा उक्त विनियमावलीको विनियम २.१(१) (फ) र विनियम ३.४(२) ले प्रधानाध्यापक/प्राचार्य नेपाली नागरिक र स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ भन्ने किटानी व्यवस्थाका साथै सर्वोच्च अदालतबाट २०५७ सालको रिट नं. ३६२६ मा मिति २०६०।१०।१३ मा उच्च माध्यमिक शिक्षा परिषद्समेतका नाउँमा जारी भएको उत्प्रेषणयुक्त परमादेशको आदेशसमेतका आधारमा उच्च माध्यमिक विद्यालयमा प्रधानाध्यापक/प्राचार्य स्नातकोत्तर उत्तीर्ण हुनुपर्नेमा पुनरावेदक विपक्षी मानबहादुर खड्गी स्नातकोत्तर तह उत्तीर्ण गरेको नदेखिँदा प्रधानाध्यापक प्राचार्यको रूपमा कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने तथा आदर्श नमूना उच्च माध्यमिक विद्यालयको प्राचार्य/प्रधानाध्यापकमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्तिलाई नियुक्त गर्नु

गराउनु भनी आदर्श नमूना उच्च माध्यमिक विद्यालय व्यवस्थापन समिति इलाम-२ को नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररन्त महर्जन

इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

**८**

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-०२७१, उत्प्रेषण परमादेश समेत, *सनतकुमार रेग्मी समेत वि. स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड काठमाडौं समेत*

ऐन कानूनबमोजिम स्थापित वित्तीय संस्था तथा बैंकहरूले जनताको सूचनामा पहुँच बढाउन तथा सर्वसाधारणलाई सुविधाजनक भाषामा कारोवार गर्न विकल्पमा अंग्रेजी मञ्जूर गरेमा बाहेक नेपाली भाषामा नै सम्बन्धित लिखत, ढाँचा फारामहरू अनुवाद गराई प्रयोगमा ल्याउनु, लगाउनु एवं पर्याप्त मात्रामा अनुगमन गरी सो व्यवस्था कार्यान्वयन गर्नु, गराउनु तथा सोसम्बन्धी आवश्यक निर्देशन सम्बन्धित संस्थाहरूमा जारी गर्नु भनी नेपाल राष्ट्र बैंकको नाममा यो निर्देशन जारी हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस २७ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. २०६३ सालको रिट नं. ०६३-wo-०२९५, उत्प्रेषण, परमादेश, *नेत्रप्रसाद पोखरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ले आयोगलाई विभागीय सजायअन्तर्गत कुनै निश्चित सजाय नै किटान गरी अख्तियारवालालाई लेखी पठाउन सक्ने अधिकार प्रदान नगरेको भनी सर्वोच्च अदालतको पूर्ण इजलासले विस्तृत विवेचनाकासाथ पहिला पनि बोलिसकेको छ। उक्त कानूनी सिद्धान्तसँग असहमत हुनुपर्ने कुनै कारण छैन। उक्त कानूनी सिद्धान्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनिवार्यरूपमा पालन गर्नुपर्ने हुन्छ। कानून र कानूनी सिद्धान्त विपरीत गरिएको उक्त आयोगको २०६२।१२।२२ को निर्णय कानूनसम्मत देखिन नआउने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६२।११।२२ को कानून विपरीतको निर्णय र सोही निर्णयअनुसार गर्ने गरी भूमिसुधार तथा व्यवस्था विभागले मिति २०६३।४।२८ मा गरेको निर्णय पनि कानूनसम्मत् देखिन आएन। निर्णय नै कानूनसम्मत नदेखिएपछि सोहीअनुसार निवेदकलाई दिइएको पत्र समेत कानूनी त्रुटिपूर्ण रहेकोले उक्त निर्णयहरू र तिनको आधारमा भए गरेका अन्य कारवाहीहरू समेत कानूनी मान्यताविहीन भई कायम रहन सक्ने देखिन नआउने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०४५३, अंश नामसारी, *श्रीकान्ती कुर्मी वि. हरिचरण कुर्मी समेत*

नाता र पुस्तासम्बन्धी विवादमा सोसम्बन्धी जानकार व्यक्ति स्थानीय मानिसहरूले सर्जमीनमा नाता र पुस्ता खुलाई व्यक्त गरी लेखाई दिएको भनाइलाई प्रमाणमा लिनुपर्ने ।

अंशियार भई अंशवण्डा हुन बाँकी नै रहेको तथ्यलाई पुष्टि गरेकोले सगोलमा अंशियारले प्रचलित कानूनबमोजिम अंश पाउने अधिकारबाट बञ्चित हुन नसक्ने हुँदा प्रस्तुत मुद्दाकी वादीले प्रतिवादीहरूबाट अंश पाउने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल मंसिर १९ गते रोज ४ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ०५५६, अंश चलन, *सरल राई वि. बुधमाया राई*

वादीकी छोरीसँग आफ्नो बाबु छोरीको नाता सम्बन्धमा नै विवाद उठाउने वादीका पति यी पुनरावेदक प्रतिवादीले तत्सम्बन्धी आफ्नो जिकीर सबूद प्रमाण समेतबाट पुष्टि गर्न सकेको स्थिति समेत नहुँदा वादी प्रतिवादीबीच लोग्नेस्वास्नीको नाता सम्बन्ध रहेको भन्ने विषयमा समेत विवाद नरहेको स्थितिमा त्यस्तो नाता सम्बन्ध कायमै रहेको समयमा वादीले जन्माएको छोरीलाई प्रतिवादी सरल राइको फगत जिकीरको भरमा मात्र निजकी छोरी होइन भन्न र मान्न नमिल्ने ।

पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीको बीचमा लोग्नेस्वास्नीको नाता सम्बन्ध रहेको हुँदा त्यस्तो वैवाहिक नाता सम्बन्ध कायम रही रहेको समयभित्र जन्म भएकी वादीकी छोरीसँग समेत प्रतिवादीको बाबु छोरीको नाता कायम हुने ठहर्छ । सो ठहर्नाले वादीले सरल राइको अंश भागबाट ३ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ सला फागुन २५ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको WH-००५९, बन्दीप्रत्यक्षीकरण समेत, *गुणराज निरौला वि.कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौँ समेत*

निवेदकको वतन घर फेला पारी निजकी आमा स्वयंले म्याद बुझ्न इन्कार गरेको कारणबाट अ.बं. ११० नं. बमोजिम निजको घरको ढोकामा साक्षीको रोहबरमा टाँस भएको तामेली म्यादमा स्पष्ट व्यहोरा उल्लेख भएको स्थितिमा तामेली म्यादलाई रीतपूर्वककै मान्नु पर्ने ।

म्याद तामेलीसम्बन्धी प्रक्रियालाई मुलुकी ऐन, अदालती बन्दोवस्तको ११० नं. मा व्यवस्था गरिएको पाइन्छ । मुलुकी ऐनको उक्त व्यवस्थाले मात्र समग्र म्याद तामेली प्रक्रियालाई समेट्न नसकेको अवस्था हुँदा तत्सम्बन्धमा देखिन आएको केही प्रक्रियागत र व्यावहारिक अस्पष्टता र कठिनाईलाई निराकरण गर्ने प्रयोजनको लागि जिल्ला अदालत नियमावली, २०५२ मा समेत सर्वोच्च अदालतले तत्सम्बन्धी व्यवस्था गर्न परेको हुँदा नियमावलीमा रहेका तत्सम्बन्धी प्रावधानहरू मुलुकी ऐन, अ.बं. ११० नं. को प्रावधानका विकल्प नभै अझ स्पष्ट कानूनी व्यवस्थाकोरूपमा लिनुपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको फौ.पु.नं. ३५०२, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. कमलकुमार जि.सी.*

फौजदारी मुद्दामा कसूरदार ठहरिनका लागि प्रतिवादीउपरको आरोपित कसूर स्थापित हुनु अनिवार्य हुन्छ । यसमा जाहेरवालीको प्रमाणित बयानमा उल्लिखित तथ्य मिसिल संलग्न अन्य वस्तुनिष्ठ प्रमाणबाट निर्विवाद नदेखिएको अवस्थामा सो बयानलाई मात्र निरपेक्षरूपमा प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याउने एकमात्र आधारको रूपमा ग्रहण गर्न नमिल्ने ।

मिति २०६०।१०।२३ को परीक्षणबाट जाहेरवालीको Hymen को स्थिति कहिलेदेखि विद्यमान रहेको हो भन्ने समेत खुल्न नआएको अवस्था हुँदा जाहेरवालीको Hymen Rapture हुनुमा कुनै प्रकारको यौनजन्य क्रियाकलाप नै हो वा प्रतिवादीका कारण नै त्यसो भएको हो भनी निर्विवाद र निर्विकल्परूपमा ग्रहण गर्ने र त्यसैको आधारमा निष्कर्षमा पुग्न मिल्ने देखिएन । यसरी सम्बन्धित शरीर जाँचकर्ता विशेषज्ञ कुनै निष्कर्षमा पुग्न नसकेको अनिश्चित कुराको आधारमा प्रतिवादीलाई आरोपित कसूरको कसूरदार ठहऱ्याउन मिल्ने अवस्था समेत देखिन आएन । जाहेरवालीको भनाइको मूल आधारलाई विद्यालयबाट आएका प्रमाणहरूले खण्डन गरेको र वारदात भएको भनिएको मितिमा प्रतिवादी काठमाडौँमा न नरही निज कार्यरत् स्कूल जनता मा.वि. बाग्लुङमा रूजु हाजिर रहेको पाइएकोले वारदात भएको भनिएको स्थान र

प्रतिवादीले जाहेरवालीलाई बेश्यावृत्तिमा लगाएको भन्ने अभियोग दावी प्रमाणित गर्नेसम्मको वस्तुनिष्ठ र ठोस आधार प्रमाणको विद्यमानताको अभाव देखियो। प्रतिवादीले आरोपित कसूर गरेको देखिने ठोस, वस्तुनिष्ठ प्रमाण र आधार बिना शंकाको भरमा कसूरदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तका विपरीत समेत हुन जाने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल कात्तिक २३ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०५५४,उत्प्रेषणयुक्त परमादेश, *महेन्द्रनारायण लाल कर्ण वि.लोकसेवा आयोग,केन्द्रीय कार्यालय समेत*

रिट निवेदकले निवेदन दायर गर्दाका बखत कायम रहेको पदभन्दा एक तह माथिल्लो पदमा बढुवा नियुक्ति पाइसकेको देखिन्छ भने कृषि विभाग कर्मचारी प्रशासन शाखाको च.नं. २० मिति २०६७।४।१० को अवकाश पत्रबाट विपक्षी मध्येकी अनिता जोशीले निज बढुवा भएको पदबाट अनिवार्य अवकाश प्राप्त गरिसकेको देखिन आएकोले रिट निवेदनमा माग गरेको उपचारमा भिन्नता आई रिट जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिएको अवस्थामा उपरोक्त उल्लिखित आधार र कारणबाट रिट निवेदन माग नै निष्प्रयोजित भइसकेको हुँदा निवेदकको माग दावी सम्बन्धमा थप विचार गरिरहनु नपर्ने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम्।

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको-WO-३३८२, उत्प्रेषण मिश्रित परमादेश, *इन्दुभूषण झा वि.रामशरण झा समेत*

बण्डा गर्नुपर्ने जग्गामा तत्काल बण्डा मुचुल्का खडा हुँदाका अवस्था २ (दुई) वटासम्म घर मात्र अस्तित्वमा देखिएको अवस्था हुँदा बण्डा मुचुल्कापश्चात् सो जग्गामा वादी प्रतिवादीहरूबाट निर्माण भएका थप ५ (पाँच) थान कच्ची खपडैल घरको हकमा उपरोक्त बण्डा मुचुल्कामा उल्लेख गर्ने अवस्था नै रहने देखिँदैन। विवादित जग्गाको कोर्ट फी रिट निवेदकले अबण्डा जग्गा बण्डा गरिपाउन फिराद दायर गर्दाको अवस्थामा नै दाखिल गरेको र विपक्षीमध्येका जग्गा बण्डा गरिपाउन फिराद दायर गर्दाको अवस्थामा नै दाखिल गरेको र विपक्षीमध्येका प्रतिवादी रामशरणले समेत बण्डा छुट्टयाई पाऊँ भनी दण्ड सजायको ४६ को देहायमध्येका प्रतिवादी रामशरणले समेत बण्डा छुट्टयाई पाऊँ भनी दण्ड सजायको ४६ नं. को देहाय (१८) नं.मा भएको व्यवस्था मुताबिक निवेदन गरी वादी सरह कोर्ट फीसमेत बुझाई सकेको अवस्था हुँदा बण्डा मुचुल्का हुँदाको अवस्था विद्यमान दुईवटा घरहरू समेत बण्डा गरेको हकमा सो घरहरू तर्फको नपुग कोर्टफी सम्बन्धित पक्षहरूलाई चलन पूर्जी दिँदा तथा मालपोत कार्यालय्मा सो जग्गा दा.खा. गरी वादी प्रतिवादी समेतका नाममा दर्ताको प्रक्रियाको अवस्था कोर्टफी ऐनबमोजिम असूलउपर गर्न सकिने नै हुँदा धनुषा जिल्ला अदालतको आदेश अन्यथा नहुने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम्।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३२४८, उत्प्रेषण, *मोहनलाल अग्रवाल समेत वि. जिल्ला विकास समितिको कार्यालय इलाम समेत*

प्रचलित कानूनी व्यवस्थाको सन्दर्भमा असंगत धारणा राख्नुपर्ने अवस्था र कारण समेत नहुँदा सो समेतका आधारमा र स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा कहीं कतै पनि तेल, दाल तथा दालको छिल्का (भाव) मा जि. वि.स. ले कर लगाउन सक्ने गरी स्पष्टरूपमा नतोकिएको स्थितिमा कानूनद्वारा सिर्जित निकायको रूपमा रहेका विपक्षीहरूले प्रचलित कानूनको परिधिभित्र रही आफूले पाएको अधिकारहरूको प्रयोग गर्नुपर्ने कर्तव्य भएकोमा कानूनविपरीत हुने गरी तेल, दाल, तथा दालको छिल्का (भाव) मा कर लगाएको र उठाएको कार्य समेत तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३(१) मा व्यवस्थित कानूनबमोजिम बाहेक कर लगाउन र उठाउन नपाउने भन्ने संवैधानिक

व्यवस्थाविपरीत देखिएकोले यस सम्बन्धमा विपक्षीहरूबाट भए गरेका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३३७७, उत्प्रेषणको आदेश जारी गरिपाऊँ, *अनन्तज्वालानन्द राजोपाध्याय वि. प्रमुख, ललितपुर उपमहानगरपालिका कार्यालय, पुल्चोक ललितपुर समेत*

निवेदकको घर जग्गामा कुनै सार्वजनिक बाटो नदेखिएको अवस्थामा निवेदकको निजी घर जग्गाको मूल द्वार खुल्ला गर्नुपर्ने भनी बिना कुनै कानूनी आधार विपक्षी नगरपालिकाको नगर प्रमुखको तहबाट भएको मिति २०६२।१२।१८ को निर्णयमा उल्लिखित, “वडा कार्यालयबाट पत्रमा लेखिएबमोजिम प्रतिवादीको आफ्नो घरको मूल द्वार चाड, पर्व, पूजामा खुल्ला राख्नुपर्ने” भन्ने बाक्यांशले निवेदकको आफ्नो सम्पत्ति उपभोग गर्ने अधिकारमा अंकुश लगाएको भन्नु र मान्नुपर्ने हुँदा विपक्षी नगरपालिकाको मिति २०६२।१२।१८ को निर्णयमा उल्लिखित सो बाक्यांश उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३४७१, उत्प्रेषण परमादेश समेत, *ध्रुवलाल तण्डुकार समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०६२।१०।२६ को निर्वाचनबाट निर्वाचित निवेदकहरूको पदावधि सोही २०६२ सालको साउन १ गतेदेखि गणना गर्नुपर्ने भै सोअनुसार पाँच वर्षको पदावधि २०६७ साल असार मसान्तसम्ममा पूरा भैसकेको अवस्था देखिन आएको छ। अर्कोतर्फ २०६२/६३ मा जनआन्दोलन भई २०६३।१।११ गतेको शाही घोषणाबाट तत्कालीन राजनीतिक अवस्थामा आमूल परिवर्तन भएबाट शासन व्यवस्था, राज्य सञ्चालन जस्ता व्यवस्थामा परिवर्तन आएको र सम्पूर्ण राज्य संयन्त्रले उक्त अवस्थालाई स्वीकार गरेको देखिन्छ। सोपछि तत्कालीन प्रतिनिधि सभा घोषणापत्र, २०६३ (२०६३।२।४) ले प्रस्तुत विवादको विषय तथा सो भन्दा अगाडिको सरकारबाट भए गरेका राजनीतिक विषयलाई समेटेर ऐतिहासिक परिवर्तन गरेको र सो ले कानूनी रूपमा मान्यता समेत प्राप्त गरेको र निरन्तरता पाएको अवस्था छ। अतः उपरोक्त उल्लिखित आधार र कारणबाट निवेदन दावीका सन्दर्भमा थप विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०१९७, उत्प्रेषणयुक्त परमादेश, *रविन्द्र सिंह धामी वि. प्रहरी नायब महानिरीक्षक, सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दिपायल डोटी समेत*

सजाय दिँदा कुनै पनि प्रहरी कर्मचारीलाई निजउपर लगाइएको आरोप स्पष्ट किटी कारण खोली सफाई पेश गर्ने उचित र पर्याप्त मौका दिएर आरोपको व्यहोरा पनि स्पष्ट रूपमा किटिएको हुनुपर्ने ।

क्षेत्रीय प्रहरी कार्यालय कानूनबमोजिम स्थापित सरकारी निकाय र सो निकायले कानूनले तोकेको कार्य गर्ने भएको हुँदा सो कार्यालयको कामकारवाही पनि कानूनले तोकेको निर्दिष्ट सीमाभित्र रही गर्नुपर्ने हुन्छ। सो सीमा बाहिर गई गरेको कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

जब कुनै पनि कारवाहीको प्रक्रिया वा कार्यविधि कानूनमा व्यवस्था गरिन्छ भने सो प्रक्रियालाई कुनै पनि बहानामा छल्न वा अनदेखी गर्न मिल्दैन। प्रहरी नियमावलीबमोजिमको कसूर गर्नेलाई अधिकारप्राप्त अधिकारीले सजायको आदेश गर्दा तोकिएको कार्यविधि अनिवार्यरूपमा पालना गर्नुपर्ने ।

९४ दिनसम्म गैरहाजिर रहेकालाई सफाइको मौका दिन सम्भव हुँदैन भनी मौका नदिएको कुरालाई विपक्षीबाट स्वीकार नै गरेको देखिन आउँछ। तसर्थ यसमा कानूनद्वारा तोकिएको अनिवार्य कानूनी कार्यविधिको प्रक्रिया पूरा गरेको नदेखिँदा समेत त्यस्तो कार्यवाहीले कानूनी मान्यता प्राप्त गर्न सक्ने नदेखिने ।

सफाईको मौका दिन नपर्ने भन्ने लागेमा सो कुराको पर्चा खडा गरी कारवाही गर्नुपर्छ भन्ने स्पष्ट कानूनी व्यवस्था भएको अवस्थामा सो प्रक्रियालाई अवलम्बन गरी सजाय गरेको पाइएन । यसबाट समेत सजाय गर्ने अधिकारीले कानूनले तोकेको अनिवार्य प्रक्रिया पूरा गरी सजाय गरेको नदेखिँदा निवेदकलाई अधिकतम् सजाय गर्दा अपनाउनु पर्ने न्यूनतम् कानूनी कार्यविधि अर्थात् सफाइको उचित मौका दिनुपर्ने र सो सम्भव नभएमा सोको पर्चा खडा गर्नुपर्ने जस्ता कार्यविधि प्रस्तुत विवादमा पूरा गरेको देखिन नआएकोले विपक्षीबाट भएको कार्यवाही कानूनबमोजिमको मानी मान्यता दिन नसकिने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ८६८४, अंश, *श्रीमती खड्गकुमारी सुवेदी वि. श्रीमती मिठे सुवेदी समेत*

वादीले बण्डा नलाग्ने भनी दावी लिएको विषय अंशबण्डाको १८ नं. मा २०३४ सालमा संशोधन भएपश्चात् मात्र थप भएको पाइन्छ । तसर्थ अंशबण्डाको १८ नं. मा २०३४ सालमा भएको संशोधनपश्चात् स्त्री अंश धनको ५ नं. बमोजिम प्राप्त सम्पत्ति मात्र बण्डा नलाग्ने देखिन आयो । यसमा वादीले बकसद्वारा सम्पत्ति प्राप्त गरेको समयमा तत्कालीन अंशबण्डाको १८ नं. मा २०३४ सालमा भएको संशोधन हुनुभन्दा अगाडिको कानूनी व्यवस्था कायम रहेको देखिन आउँछ । यसर्थ उपरोक्त कानूनी व्यवस्थाअनुसार दिने दौलत गिरी लिने मुवा सन्यासिनी भै २०१५।१।२६ मा पारित हालैको बकसपत्र तथा दिने पवित्रा सन्यासिनी लिने मुवा सन्यासिनी भै २०१७।१०।२४ मा पारित शेषपछिको बकसपत्रबाट प्राप्त भै हाल हिराबहादुर सुवेदीका दर्ता कायम रहेका उल्लिखित जग्गा स्त्री अंश धनको ५ नं. अनुसार बण्डा लाग्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ८६८३, जग्गा हक कायम, *श्रीमती खड्गकुमारी सुवेदी वि. श्रीमती गुमा सुवेदी समेत*

११

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको CR-०८६९,नकबजनी चोरी, *नेपाल सरकार वि. सन्तोष श्रेष्ठ*

प्रतिवादीबाट रू.३ लाखमात्र बरामद भएको सन्दर्भमा प्रतिवादी स्वयंले ६ वटा गड्डीमध्ये रू.५ लाख मात्र चोरेको हुँ भनी बयान गरेबाट समेत निजको उक्त भनाई अन्यथा प्रमाणित हुन सक्ने प्रमाण वादी पक्षबाट प्रस्तुत हुन नसकेको अवस्थामा प्रतिवादीको उक्त बयान विश्वासलायक नै देखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

१२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको CR-०४३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शंकर पासवान समेत*

रूमाल घाँटीमा कसेर मारेको भनी अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीहरूको बयान भएकोमा उक्त रूमाल यी प्रतिवादीहरूबाट बरामद हुन नसकेको एवं शव परीक्षण प्रतिवेदनमा Asphyxia Due to Hanging बाट मृत्यु भएको भनी उल्लेख गरी सोलाई समर्थन गर्दै चिकित्सकले बकपत्र गरेको देखिँदा उक्त बयान तथा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको तथ्यअनुरूप मृत्युको कारण स्पष्ट हुन आएको पनि पाइएन । यस्तो स्थितिमा अभियोजनकर्ताबाट तयार भएका प्रमाण अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको नपाइदा त्यस्तो प्रमाण कागजलाई कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा प्रमाणयोग्य मान्न नसकिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

१३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको CR-०२५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामचन्द्र तिवारी समेत*

मृतक नरभुपाल अधिकारीलाई प्रतिवादी रामचन्द्र तिवारीले बिना कुनै पूर्व रिसइवी तथा कारण तत्काल उठेको रिस नियन्त्रण गर्न नसकी कुटपीट गरेको र सोही कारण मृतकको मृत्यु भएको स्थितिमा

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको दावीअनुसार सजाय गर्न न्यायसंगत नदेखिँदा अभियोग दावी तथा पुनरावेदन जिकीर पुग्न सक्ने देखिन आएन। घटना विवरण, मौकामा बुझिएका मानिसको भनाई, प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा गरेको बयान समेतका आधारमा निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १४ नं. अनुरूप कसूर अपराध गरेको देखिने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम्।

१४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको CR-०५७४, डाँका, *नेपाल सरकार वि. दिलबहादुर लिम्बू समेत*

वादी पक्षले ४ जनाभन्दा बढी संलग्न थिए भनी दावी लिनु बाहेक अन्य कुनै तथ्ययुक्त प्रमाणबाट पुष्ट्याई गर्न सकेको पाईंदैन। सम्पूर्ण प्रमाणको मूल्याङ्कनबाट वास्तविकतामा ४ जनाभन्दा बढी संलग्न चोर्ने कार्य गरेको भन्ने पुष्टि हुन आएको पाइदैन। त्यसैगरी डाँका वारदातमा हुन पर्ने जमात, जबर्जस्ती हुल हुज्जत, हात हतियारको प्रयोग जस्ता अवस्था प्रस्तुत वारदातमा रहे समेत कतै उल्लेखसम्म हुन सकेको पनि देखिँदैन। अपितु जाहेरवाली स्वयंको कथन समेत हेर्दा प्रतिवादीहरू निजले थाहै नदिई घरभित्र प्रवेश गरेको र निजले थाहा पाएपछि भागेको अवस्था रहेबाट पनि हुल हुज्जत वा जबर्जस्ती गरी डाँका गरेको भन्ने निष्कर्षमा पुग्नु न्यायोचित नहुने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम्।

१५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको WO-०३४१, उत्प्रेषणयुक्त परमादेश, *शेष इजहारूल वि. शेष अमरूल समेत*

नापनक्सा आदेश सम्बन्धमा विपक्षी शेष अमरूलको तर्फबाट पुनरावेदन अदालत हेटौंडामा निवेदन परी सो नापनक्सा आदेश मिति २०६५।६।३ मा पुनरावेदन अदालतबाट बदर भएको अवस्थामा रौतहट जिल्ला अदालतबाट उक्त बिगो मुद्दामा भैआएको सर्जमिनको आधार लिई वादीलाई दोस्रो पटक चलन चलाई दिने र प्रतिवादीलाई दण्ड सजायको ४३(५) नं. ले तजबिजी रू.१००।- जरीवाना गर्ने गरी मिति २०६५।८।२० मा आदेश भएको पाइन्छ भने सो तत्पश्चात् मिति २०६५।९।९ मा दायर गरेको प्रस्तुत रिटमा निवेदकले सो कुरा उल्लेख गरेको नपाइदा यी रिट निवेदक सफा हात लिई अदालत प्रवेश गरेका हुन् भन्न र मान्न  नसकिने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम्।

१६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०२३१, उत्प्रेषणयुक्त परमादेश, अष्टनारायण महर्जन वि.चनमाया महर्जन समेत

विपक्षीहरू मध्येका उत्तम महर्जन विपक्षी चनमायाका पति र विपक्षी प्रवीणका पिता भै निजहरू एकासगोलका अंशियार भन्ने कुरा सो हालैको बकसपत्र लिखत देखिएको र निज विपक्षीहरू स्वयंले समेत सो तथ्यलाई लिखित जवाफमा अन्यथा भन्न नसकी स्वीकार गरेको अवस्था भएबाट विपक्षीहरूका दाता भाइराजासम्मलाई उनाउ व्यक्ति नामाकरण गर्न सकिए पनि विपक्षी उत्तम महर्जनले उक्त कि.नं. ११४४ जग्गामा रहेको आधा हक हिस्सा निजका सगोलका श्रीमती छोरा विपक्षीहरूको नाममा हक हस्तान्तरण गरेको कार्यलाई उनाउको व्यक्तिबाट भएको हक हस्तान्तरण भनी मान्नु कानूनसम्मत हुने नदेखिने।

लेनदेन मुद्दाका प्रतिवादी पति पिताले त्यसरी आफ्नो आधा हक हिस्सा निहीत रहेको सम्पत्ति सगोलको अंशियार श्रीमती र छोरा विपक्षीहरूको नाममा बकसपत्र गरिदिएको कार्य अंश बण्डा एवं बिगो भरिभराउ समेतको प्रयोजनको लागि उन्मुक्ति प्राप्त निजी सम्पत्ति हो भन्नु र मान्नु कानूनसम्मत हुने नदेखिने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम्।

१७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-१०४८, मोही प्रमाणपत्र पाऊँ, *फूलबाबु झा वि. लखवा यादव*

मोहीका लागि आवश्यक पर्ने भनी भूमिसम्बन्धी ऐन, २०२१ ले निर्दिष्ट गरेका अनुसूचीहरू प्रत्यर्थी वादीका नाममा प्रकाशित भएको तथा पुनरावेदक प्रतिवादीका दाता जग्गाधनी शालिग्राम ठाकुरले कुत भराई पाऊँ भनी मुद्दा गरी बाली भराई लिएको एवं विभिन्न सालको बाली बुझी भरपाई गरिदिएको अवस्थामा हाल २०५९ सालमा जग्गा खरीद गर्ने पुनरावेदक प्रतिवादी फुलबाबु झाले मोही नजनिएको र मोही नभएको जग्गा खरीद गरेको हुँ भनी लिएको एकमात्र दावी कानूनसम्मत र तथ्यपरक देखिन आएन। दावीको जग्गा प्रत्यर्थी वादी लखवा यादवले मोहीमा कमाई आएको र निज नै उक्त जग्गाको वैधानिक मोही भएको देखिने।

इजलास अधिकृतः अशोकुमार बस्नेत

इति संवत् २०६७ साल पुस ९ गते रोज ६ शुभम्।

१८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०१३६, अंश चलन, *लोकमाया भण्डारी वि. थीरभक्त भण्डारी समेत*

थीरभक्त भण्डारीले कास्की जिल्ला अदालतमा मिति २०६३।८।१८ मा पेश गरेको तायदाती विवरणमा उक्त जग्गाहरू निजीरूपमा आर्जन गरी खरीद गरेकोले बण्डा नलाग्ने भनी जिकीर लिनु बाहेक उक्त जग्गा के कसरी निजीरूपमा आर्जन गरेको भन्ने कुनै ठोस एवं वस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको पाइदैन। वादी लोकमाया भण्डारी तथा प्रत्यर्थी प्रतिवादी थीरभक्त भण्डारी एकासगोलमा नै रहेको देखिएको अवस्थामा एका अंशियारका नाममा खरीद गरेको सम्पत्ति सगोलकै सम्पत्तिबाट बढेबढाएको भै एकासगोलको नै मान्नुपर्ने।

इजलास अधिकृतः अशोकुमार बस्नेत

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

१९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०१०७८, निषेधाज्ञा, *प्रेमबहादुर शाह वि. प्रमोदबिक्रम सिंह समेत*

निर्विवाद हक भोगको निजी सम्पत्तिबाट कसैलाई पनि कानूनबमोजिम बाहेक बेदखल गर्न पाउने अधिकार कसैलाई पनि नहुने भएकोले निवेदकको कुनै निर्विवाद हक भोगको सम्पत्तिबाट पनि निजलाई कानूनबमोजिम बाहेक बेदखल गर्न नसकिने नै तथ्यमा बिमति राख्ने अवस्था आउँदैन। तर निवेदकले दावी लिएका जग्गाहरू निर्विवाद हक भोगको हो भन्ने प्रमाण यी रिट निवेदकले पेश दाखिल गर्न सकेको पाइएन। विपक्षीहरूबाट समेत निवेदकले दावी लिए झैं पक्राउ गर्नुपर्ने कुनै कारण नभएकोले निजको जग्गाबाट हटाउन पक्राउ गर्न लागेको भनी लिएको दावी झूट्टा हो भनी लिखित जवाफ दिएको समेत देखिएको एवं निवेदन व्यहोराबाट नै विवादको विषय घरजग्गासँग सम्बन्धित देखिएकोले सोको निराकरण प्रस्तुत निषेधाज्ञाको निवेदनबाट गर्न नमिल्ने।

इजलास अधिकृतः अशोकुमार बस्नेत

इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम्।

२०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०२५६, २०६५ सालको CI-०२५७, परमादेश, *रेवतबहादुर भण्डारी वि. औषधि व्यवस्था विभाग, बद्रीनाथ आचार्य वि. औषधि व्यवस्था विभाग*

आफूले प्राप्त गरेको प्रमाणपत्रका आधारमा नाम र पसल दर्ता गराई माग्न समयमै नजानुका अतिरिक्त औषधि व्यवस्था विभागबाट प्रमाणपत्र दर्ता गर्न आउन ६ महिनाको सूचना जारी गर्दा समेत नगई बसेको र २०५७ सालभन्दा अगाडि औषधि बिक्री वितरणको लागि आवश्यक पर्ने ओरिएण्टेशन तालिम लिएका व्यक्तिहरू ६ महिनाभित्र नाम र पसल दर्ताको प्रमाणपत्र माग्न नआउनेलाई त्यस्तो प्रमाणपत्र नदिने भनी साधिकार औषधि सल्लाहकार समितिको परामर्श कार्यान्वयन गर्ने भनी औषधि व्यवस्था विभागले मिति २०६२।२।१८ मा निर्णय गरिसकेको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अशोकुमार बस्नेत

इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम्।

२१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ११७०, घरबहाल दिलाई घर खाली गरी चलन चलाई पाऊँ, *राजकुमार सरवरिया वि. जगरनाथ मण्डल समेत*

कसैलाई कानूनी प्रक्रिया पूरा गराउन खोज्ने व्यक्तिले आफू सो कानूनी प्रक्रियाभित्र रहेर अरूलाई सो प्रक्रिया लागू गराउन अग्रसर हुनुपर्दछ। सो नगरी भाडामा लगाइएको अवस्थामा घर घाडामा बस्नेले घरभाडा दिएन भन्ने वादी दावी कानूनसम्मत देखिएन। घर खाली गर्नुपर्ने होइन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकीरतर्फ हेर्दा, प्रतिवादीहरूले वादीले खरीद गरिलिएको घरमा बसी आएको व्यहोरा स्वीकार गरेकै पाइयो। अन्य व्यक्तिले खरीद गरी स्वामित्व कायम गरेको घरमा हामी पहिल्यैदेखि बसी आएको भन्ने जिकीर लिँदैमा सो स्वीकार्य हुन नसक्ने।

बहालको हकमा वादीले घरभाडामा दिँदा कुनै शर्त, कबुलियतनामा पनि नगरेको र सो कुरा प्रतिवादीले अस्वीकार गरेको परिप्रेक्ष्यमा प्रतिवादीहरूबाट वादीले घरभाडा पाउने स्थिति देखिएन। घर बनाउनेको ९ नं. बमोजिम वादीले प्रतिवादीलाई घर खाली गर्नको लागि दिएको सूचना प्रतिवादीले प्राप्त गरेको देखिँदा र घर जग्गा वादीको नै ठहर भएकोले प्रतिवादीहरूले घर खाली गरिदिनु पर्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस २६ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको CR-००८८, लागू औषध, *नेपाल सरकार वि. सरस्वती श्रेष्ठ*

लागू औषध बरामद भएको स्थल बिराटनगर न.पा. वडा नं. २१ स्थित नेपाल भारत सीमाक्षेत्र नजिक रहेको, बरामद भएको लागू औषध भारततर्फ जोगबनीबाट खरीद गरी नेपालतर्फ ल्याइएको र सो बरामदी लागू पदार्थ पेन्टीभित्र लुकाई राखेको प्रकृति र सो प्रकृतिबाट बरामद भएको लागू औषधको परिणाम समेतबाट निजले सेवनकै लागि मात्र त्यत्रो परिमाणमा लागू औषध नाइट्रोजेपाम चक्की ल्याएको भन्ने कुरा अनुमान गर्न सक्ने स्थिति देखिँदैन। बरामद लागू पदार्थको प्रकृति र परिमाणबाटै उक्त लागू औषध निजले ओसार-पसार गरी बिक्री वितरणकै लागि ल्याएको भन्नु र मान्नु पर्ने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ पुस २० गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६७ सालको सालको-CI-०३७१, खिचोला मेटाई हक कायम निर्णय दर्ता बदर दर्ता, *ईश्वरचन्द्र लाखे वि. पासपत साह कानू*

वादी घरमा नभएकोले भनी एकासगोलका भतिजाका नाताले वादीका नामको म्याद बुझ्ने निज प्रेम साहले पछिबाट पुनरावेदन अदालतको फैसलापश्चात् फैसलाको जानकारी पठाई पाऊँ भनी पुनरावेदन अदालत, हेटौंडामा निवेदन गर्दा निवेदन साथ पेश गरेको वीरगञ्ज उपमहानगरपालिका कार्यालयबाट दिएको मिति २०६३।१।२८ को नाता प्रमाणित पत्रको प्रतिलिपिबाट निज वादी पासवत साह कानूको मृत्यु २०५६।७।१२ मा नै भएको भनी निज प्रेम साहले मृतकसँग काका भतिजा नाता कायम गराई लिएकोले शुरू जिल्ला अदालतबाट जारी भएको ७ दिने म्याद तामेल मितिमा वादीको मृत्यु भइसकेको अवस्था भए निजको नामको म्याद बुझ्ने वादीका भतिजा नाताका प्रेम साहले सोही व्यहोरा म्याद तामेलीमा उल्लेख गराई दिनु पर्ने।

प्रतिवादी ईश्वरचन्द्र लाखेको प्रतिउत्तर समेतबाट निजले वादी दावीमा इन्कार रही प्रतिवाद गरेको अवस्था र वादी पक्षले शुरू कारवाहीकै क्रममा अदालतबाट जारी भएको म्यादै गुजारी बसेको स्थिति देखिँदा मुलुकी ऐन, अ.वं. को १८५(क)(२) को प्रावधान अनुरूप मुद्दा पूर्णतः डिसमिस गर्नुपर्नेमा सो नगरी शुरू पर्सा जिल्ला अदालतले इन्साफी फैसला गरेकोलाई सदरै गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला नमिलेकोले उल्टी भै प्रस्तुत मुद्दा डिसमिस हुने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम्।

३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको निवेदन नं. ०६४-

WO-०४०८, उत्प्रेषणयुक्त परमादेश, *शेष ओली अलाम समेत वि. सलमन खातुन समेत*

मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ८ नं. प्रतिकूलको लिखत भएको अवस्थामा मुलुकी ऐन दण्ड सजायको महलको २६ नं. आकर्षित हुन नसक्ने ।

लिएको ऋणमा अन्य अंशियारको सहमति नहुनुका साथै अन्य अंशियारले उक्त ऋण लिए खाएको समेत देखिन्न । जसले ऋण लिए खाएको हो सोही ऋणीकै सम्पत्तिबाट ऋण असूलउपर गर्नुपर्ने ।

निवेदकहरूको जग्गा फुकुवा गरिदिने गरी सर्लाही जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट भएको मिति २०६३।११।११ को आदेशलाई बदर गरी जग्गा रोक्का गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०६४।४।२४ को त्रुटिपूर्ण आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब सर्लाही जिल्ला अदालतको मिति २०६३।११।११ को आदेशलाई कार्यान्वयन गरी साहु सलमन खातुनले ऋणी शेष इसराफुलको जेथा देखाई पुनः दरखास्त दिए लिई सोही सम्पत्तिबाट कानूनबमोजिम फैसला कार्यान्वयन गर्नु गराउनु भनी सर्लाही जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६७ साल फागुन २० गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-१०४३, उत्प्रेषण, परमादेश, *जगदीश पाठक समेत वि. हेमबहादुर कार्की समेत*

नेपाल भारत मैत्री संघको विधान, २०३८ नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० मा परिभाषित नेपाल कानूनको परिधिभित्र पर्न नआएको अवस्थामा सो विधानका प्रावधानअनुसार भए गरेका काम कारवाहीबाट निवेदकहरूको कुनै पनि संवैधानिक एवं कानूनी हकमा आघात पर्न गएको अवस्था नदेखिँदा निवेदन माग दावीबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-०००५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर नेपाली*

हतियारको प्रयोगको परिणामले मृत्युको सम्भावना अवश्यम्भावी छ भन्ने पूर्वानुमान हुँदाहुँदै जोखिमी हतियार प्रयोग गरी संवेदनशील अंग टाउकोमा प्रहार गरिन्छ र सोको परिणतिमा व्यक्तिको मृत्यु हुन्छ भने यस्तोमा प्रतिवादीमा ज्यान लिने मनसाय थिएन भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

६

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मकबुल मुसलमान दर्जी समेत*

किटानी जाहेरी दरखास्त तथा सो मिलान हुने गरी अदालतमा जाहेरवालाले गरेको बकपत्र, अनुसन्धान अधिकारी र अदालतसमक्ष सहअभियुक्त शारदाकुमारी गुप्ताले नौरासी भन्ने मकबुल मुसलमान दर्जी र मकबुल दर्जी मुसलमानलाई पोल गरी गरेको साविती बयान, मौकामा व्यक्तिहरूले गरेको कागज, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत समग्र प्रमाणहरूबाट रामकिशोर गुप्ताको मृत्यु यी प्रतिवादीहरू नौरासी भन्ने मकबुल मुसलमान दर्जी र मकबुल दर्जी मुसलमान समेतको संलग्नतामा कर्तव्यबाट भएको हुँदा ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-००३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आगा मुसलमान (फकिर)*

गाजली वि.क. ले पहिलो र दोस्रो लोग्ने छाडी आगा मुसलमानसँग अवैध यौन सम्बन्ध राख्दै आएको क्रममा आगा मुसलमानलगायत अन्य परपुरूषसँग पनि

त्यस्तै प्रकारको अवैध यौन सम्बन्ध राखेको कारण आमाको चरित्रहीन व्यवहारले दिक्क भएका प्रतिवादी कृष्णबहादुर वि.क.ले यी प्रतिवादी आगा मुसलमान समेतको सहयोग लिई २०५३।५।१४ गते राति आगा मुसलमानले गाजली वि.क.लाई पल्टाई निज माथि चढी चलबलाउन नदिएको, प्रदेशी थारूले हात समाएको र प्रतिवादी कृष्णबहादुरले घाँटी थिची मारेको भन्ने तथ्य सहअभियुक्तको बयानबाट खुल्न आई मृतकलाई कर्तव्य गरी मार्नमा यी प्रतिवादी आगा मुसलमानको संलग्नता देखिँदा प्रतिवादी आगा मुसलमान (फकिर) लाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

८

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिलीप सिंह विष्ट*

घटनाका दुई पक्षबीच पहिला पनि विवाद भएको, उचित मौका छोपी मृतकले थाहा नपाउने गरी लुकी चोरी पछाडिबाट चोट छाडेको छ। छाडेको चोट संवेदनशील अंग टाउकोमा लाग्न गई सोही चोटको कारण ज्यान गएको यस्तो स्थितिमा प्रतिवादी दिलीप सिंह विष्टलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

९

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सकबहादुर वि.क.*

लुकीछिपी करणी लिनुदिनु गर्नुभन्दा विवाह नै गरी पति पत्नीको रूपमा रहनु उचित हुने मृतकको ईच्छा भई मृतकले यी प्रतिवादीलाई विवाहको प्रस्ताव राखेकोमा उक्त प्रस्ताव प्रतिवादीले इन्कार गरेको कारण सामान्य हात हालाहालको स्थितिमा तत्काल घटनाको अर्को रूप लिई ज्यान मार्नेसम्मको काम हुन गएको छ। दुई पक्षबीच हात हालाहालको स्थिति कायम रही अन्त्यमा निर्वल पक्ष मृतक जीवनकुमारी वि.क.लाई प्रतिवादीले घाँटी दबाई मारेको अवस्था छ। जीवनकुमारी वि.क.को मृत्यु प्रतिवादी सकबहादुर वि.क.को कर्तव्यबाट भएको तथ्यको पुष्टि प्रतिवादीको साविती बयान लगायत अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भई यी प्रतिवादी शंकारहित तवरबाट कसूरदार भएको प्रमाणित भएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६७-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अरविन्दकुमार वर्मा*

जाहेरवाला पप्पु साई समेतले यिनै प्रतिवादीको कर्तव्यबाट सद्दाम साईको मृत्यु भएको हो भनी जाहेरी गरी अदालतमा समेत सोही व्यहोरा मिलान हुने गरी बकपत्र गरेको पाइँदा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान खण्डन हुन आएको छ। प्रतिवादीले उल्लेख गरेकै ठाउँबाट खाडलमा पुरिएको अवस्थामा मृत लास भेटिएको हुँदा निज प्रतिवादी अरविन्दकुमार बर्माको संलग्नतामा उक्त वारदात घटना हुन गएको तथ्य शंकारहित तवरले पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

११

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३३९९, २०६३ सालको CR-००९९, भ्रष्टाचार, *श्री ५ को सरकार वि. रामकृष्ण तिवारी समेत, रामकृष्ण तिवारी समेत वि. श्री ५ को सरकार*

प्रतिवादी जाँच अवधिमा आर्जन गरेको चल अचल सम्पत्तिको आयस्रोत हिसाब गर्दा विशेष

अदालतबाट भएको फैसलामा प्रतिवादी रामकृष्ण तिवारीको श्रीमती दुर्गा तिवारीले इष्टपोल स्कूलबाट प्राप्त गरेको रू.१,१५,१२५।- र नारायणी प्रिन्टिङ्ग एण्ड ट्रेडर्स सहकारी संस्थाबाट पारिश्रमिक रू.१,६९,९००।- समेत जम्मा रू.२,७८,०३५।- र प्रतिवादीले घर बनाउँदा लिएको ऋण रू.८,००,०००।- समेत जोडी प्रतिवादीको कूल आयस्रोत पुष्टि भएको कूल सम्पत्ति रू.५६,१४,५९२।९६ कायम गर्नुपर्नेमा रू.४५,४७,६५७।९६ कायम गरी प्रतिवादीले गरेको खर्चसमेत गरी कायम हुन आएको कूल सम्पत्तिमध्ये विशेष अदालतले ३.७१ प्रतिशत सम्पत्तिसम्म स्रोत पुष्टि भएभन्दा बढी देखिन आएको ठहर गरेको हदसम्म मिलेको देखिएन, साथै माथि प्रकरणहरूमा उल्लेख भएका कुराहरूमा बाहेक अन्य कुराहरूको हकमा वादी तथा प्रतिवादी दुबैको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादी रामकृष्ण तिवारीले आफ्नो वैध आयको अनुपातमा अमिल्दो तथा स्वाभाविक उच्च जीवनस्तर यापन गरेको र अमिल्दो तथा अस्वाभाविक किसिमको सम्पत्ति रहे भएको देखिन समेत नआएको अवस्थामा प्रतिवादी रामकृष्ण तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेको भनी ठहर गरेको भनी ठहर गर्न न्यायसंगत नहुने हुँदा मिसिल संलग्न सबूद प्रमाणबाट प्रतिवादी रामकृष्ण तिवारीले वैध स्रोतबाट आर्जित आयभन्दा बढी सम्पत्ति आर्जन गरेको भन्ने देखिन नआएकोले निजले आरोपित कसूर गरेको नठहरी वादी दावीबाट सफाई पाउने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३१७७, ३२३६, ३२३७, ३२३९, भ्रष्टाचार, *नेपाल सरकार वि. दिलीपकुमार श्रेष्ठ समेत, भरतबहादुर बस्नेत वि. नेपाल सरकार, वीरेन्द्रकुमार लोहनी वि. नेपाल सरकार, गीता पराजुली वि. नेपाल सरकार*

बिगोको दावी गरिएको रकम भन्दा बढी हुने गरी मुद्दा चलाउनु भन्दा अगाडि असूलउपर भइसकेको रकम समेत बिगो कायम हुने अवस्था नहुँदा सो असूलउपर भइसकेको रकमलाई बिगोमा गाभी जरीवाना असूल गर्न कानूनतः नमिल्ने ।

प्रतिवादीहरू कृष्णनाथ गायकवाड, दिलीपकुमार श्रेष्ठ, वीरेन्द्रनाथ लोहनी, भरतबहादुर बस्नेत, गीता पराजुली महेन्द्रभक्त प्रधानाङ्गउपरको अभियोग दावी समर्थित र प्रमाणित भएको र निजहरूले उजूरी प्रतिवेदन माग दावीबमोजिमको कार्य गरी राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखालाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादी कृष्णनाथ गायकवाडलाई रू.६,४५,३०,८२७।४६ गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको ठहऱ्याएको र प्रतिवादी श्रीकृष्ण श्रेष्ठको हकमा दावीको कसूर ठहर नगरी सफाइ हुने र प्रतिवादी कृष्णनाथ गायकवाडबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम बिगो रू.६,४५,३०,८२७।४६ राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखालाई भराई निज प्रतिवादीलाई सोही ऐनको दफा ८ र २९(२) को प्रतिबन्धात्मक वाक्यांशअनुसार बिगोबमोजिम रू.६,४५,३०,८२७।४६ जरीवाना हुने र अन्य प्रतिवादीको हकमा बिगो तर्फको दावी नहुँदा उक्त ऐनको दफा ७(२) र २९(२) बमोजिम प्रतिवादी दिलीपकुमार श्रेष्ठ र वीरेन्द्रनाथ लोहनीलाई जनही रू.५,०००।- (पाँचहजार मात्र) का दरले प्रतिवादीहरू भरतबहादुर बस्नेत, गीता पराजुली, महेन्द्रभक्त प्रधानाङ्गलाई जनही रू.४,०००।- (अक्षरेपी चारहजार मात्र) जरीवाना हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

१३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, २०६४ सालको CR-०७६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्ण सुनार*

घरको माथिल्लो तलामा बसी अत्याधिक मात्रामा मादक पदार्थ सेवन गरी मृतक र प्रतिवादीहरू बीच एक अर्कामा धकेला धकेलको कार्य गर्न पुगेको परिणामतः मृतक तिर्खमान सुनार सो स्थानबाट भूईंमा खस्न पुगेको स्थिति देखिएको छ। यस प्रकारको क्रियाकलाप गम्भीर हेलचेक्र्याइपूर्वक भएको देखिन

आएको छ। आफ्नो हेलचेक्र्याईको कार्यलाई लुकाउने अभिप्रायले प्रतिवादीहरूले लासलाई खोलामा लगेर फालेको देखिन्छ। अतः उल्लिखित प्रमाण र तथ्यहरूको आधारमा प्रस्तुत वारदात भवितव्यबाट हुन गएको देखिने।

कसूरको मात्रा समेतलाई दृष्टिगत गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको ६(२) नं. बमोजिम जनही २ वर्ष कैद र रू.५०००।- जरीवाना समेतको सजाय हुने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम्।

१४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. CR-०१६९, वैदेशिक रोजगार, *नेपाल सरकार वि. कुलबहादुर कार्की समेत*

मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले वैदेशिक रोजगार ऐन, २०४२ अनुसारको कानूनी दायित्व पूरा गरी सकेका अवस्थामा समेत निजहरूलाई दोषी करार गर्नु न्यायसंगत नहुने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६३ सालको फौ.पु.नं. CR-०१६८, ठगी, *नेपाल सरकार वि.दिनेश यादव समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१५

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०७२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निरंकाल सिंह सरदार समेत*

अनुसन्धानको क्रममा संकलित सबूद प्रमाणलाई अदालतमा उपस्थित गराई सोको परीक्षण गराई प्रमाणको भार पुऱ्याउनु पर्नेमा सो दायित्वबाट वादी नेपाल सरकार विमुख सोको परीक्षण गराई प्रमाणको भार पुऱ्याउनु पर्नेमा सो दायित्वबाट वादी नेपाल सरकार विमुख रहेको अवस्थामा केवल शङ्काको भरमा प्रतिवादीहरूउपरको अभियोग दावी पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीहरूलाई स्वतन्त्र, ठोस, वस्तुनिष्ठ सबूद प्रमाणको अभावमा शङ्काको भरमा दोषी करार गर्दा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त समेतको विपरीत हुन जाने हुँदा निजहरूलाई अभियोग माग दावीबमोजिमको कसूरदार ठहर गर्न नमिल्ने।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम्।

१६

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०००५, आयकर, *नवराज भण्डारी वि. महेन्द्रबाबु श्रेष्ठ*

औद्योगिक व्यवसाय ऐन, २०४९ ले पनि उद्योगलाई त्यसै उद्योगमा वा अन्य उद्योगहरूमा लगानी गरी औद्योगिक वातावरणलाई बढावा दिने उद्देश्य राखेको र करदाता कम्पनीले पनि आफ्नै उद्देश्यअनुरूपको आफू समेत संस्थापक भई सञ्चालन भएको उक्त होटलमा लगानी गरी औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरेकोलाई अन्यथा भन्न मिल्ने देखिँदैन। शेयर बिक्री गर्ने कम्पनीले शेयर वितरण कार्यमा ढिलाई गरेको कारणले करदाता कम्पनीले शेयर प्रमाणपत्र प्राप्त गर्न ढिलाई भएको देखिन्छ। यस्तो ढिलाई प्रत्यर्थी करदाताको कार्यबाट सिर्जना भएको भन्ने देखिँदैन। आन्तरिक राजश्व विभागबाट निर्णय पर्चा हुँदा यस्तो कानूनी व्यवस्थाको आधारमा ब्याज खुद आयमा समावेश हुने भन्ने कुनै स्पष्ट आधार कारण समेत निर्णय पर्चामा उल्लेख भएको समेत देखिँदैन। केवल अनुमानको आधारमा ब्याज दर समेत उल्लेख गरी खुद आयमा समावेश गरेको उक्त निर्णय पर्चा र कर निर्धारण आदेश कानूनसम्मत नहुने।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम्।

१७

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको नि.नं. ०६६-MS-

०००५, अदालतको अपहेलना, *विजयकुमार बनिया वि. भरत कुँवर समेत*

लुम्बिनी विकास कोषले मायादेवीको मन्दिरमा पूजा गर्ने भक्तजनबाट कुनै प्रवेश शुल्क लगाएको छैन भन्ने लिखित जवाफ व्यहोराबाट देखिएको तथा लुम्बिनी विकास कोषले उक्त लुम्बिनी क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकलाई शुल्क लगाउन सक्ने प्रचलित कानूनी व्यवस्था समेत रहेको देखिँदा मन्दिर क्षेत्रमा पूजा आजा गर्ने भक्तजनहरू बाहेक अन्य विदेशीहरूलाई शुल्क लगाएको कार्यबाट विपक्षीहरूले यस अदालतको मिति २०६४।१०।२३ को आदेशको अवज्ञा, उल्लंघन गरेको भन्न सकिने अवस्था नदेखिँदा निवेदक मागबमोजिम विपक्षीहरूले अदालतको अपहेलना गरेको भन्ने तथ्य स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट निवेदकले पुष्टि गर्न सकेको समेत देखिएन । अतः विपक्षीहरूले अदालतको अपहेलना गरे भन्ने निवेदकको प्रस्तुत निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

१८

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०४८४, अदालतको अपहेलना, *चक्रलाल श्रेष्ठ वि. नेपाल दूरसञ्चार कम्पनी लि. केन्द्रीय कार्यालय*

पुनरावेदकले पाउनुपर्ने सुविधा नदिई अदालतको अपहेलना गरेको भनी दावी लिए तापनि पुनरावेदन अदालत पाटनको उक्त मितिको आदेशअनुरूप २०५५।६।२३ मा तत्कालीन नेपाल दूरसञ्चार संस्थानको सञ्चालक समितिले निर्णय गरी अवकाश अवधिको कानूनबमोजिमको सुविधा दिने निर्णय गरेको र सोअनुरूप पुनरावेदकले सुविधा समेत भुक्तानी लिई थोरै रकम मात्र भुक्तानी पाउन बाँकी रहेको देखिँदा र निजले बढी रकम भुक्तानी पाउन बाँकी रहेको भन्ने तथ्ययुक्त, वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको समेत नदेखिँदा अपहेलनामा कारवाही हुन नसक्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

१९

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-१२४९, अंश चलन, *जानुका के.सी. समेत वि. कमला के.सी.*

अंश मुद्दामा वादी प्रतिवादीबीचको नाता कायम हुने नहुनेसम्बन्धी विवाद खडा भई सकेको अवस्थामा मु.ऐ.अ.वं. ८० नं. को प्रक्रिया अवलम्बन नगरी अंशतर्फ मात्र जिल्ला अदालतले मिति २०६६।३।४ मा गरेको फैसला बदर गरी मु.ऐ.अ.वं. ८० नं. अनुसार नाता कायमतर्फ वादी प्रतिवादीको बयान गराई जे जो बुझ्नु पर्ने प्रमाण बुझी नाता र अंशतर्फ कानूनबमोजिम पुनः निर्णय गर्नुपर्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०८५४, झूठा बकपत्र, *देवेन्द्रकुमार के.सी. समेत वि.कुमार के.सी.*
- २०६६ सालको दे.पु.नं. ०६६-CR-०८५५, अंश चलन, *देवेन्द्रकुमार के.सी. समेत वि. सजना देउजा*

२०

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०७१३, चोरी, *नेपाल सरकार वि. विष्णुगोपाल शाख समेत*

गाडी चोरी भएको भन्ने जाहेरी दरखास्त व्यहोरालाई अन्य स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट समर्थन भएको नदेखिएको र गाडीधनीले घरायसी कागजबाट गाडी बिक्री गरेको भनेको व्यक्तिलाई केवल शंकाको भरमा मात्र दोषी करार गर्न मिल्ने अवस्था नभएको र शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको आधारमा प्रतिवादीहरूउपरको अभियोग दावी स्वतन्त्र र वस्तुनिष्ठ ढङ्गबाट खम्बीर हुन सकेको नदेखिने ।

गाडी चोरी गरेर बिक्री गरेको नभई गाडी धनीको समितिबाट नै बिक्री गरेको देखिन आएकोले प्रतिवादी विष्णु गोपाल शाख र प्रतिवादी शिवशंकर साह गुप्तालाई अभियोग माग दावीबमोजिम चोरीको कसूरदार ठहऱ्याई सोहीअनुसार सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** ०६४-CI-००२०, रकम दिलाई भराई पाऊँ, *चक्र गुरूङ्ग वि. समीर राना समेत*

कम्पनी कानूनी व्यक्ति हो । यसले गर्ने सम्पूर्ण कार्यहरू सोही कम्पनीको नियमावलीमा तोकिएबमोजिम तोकिएको प्राकृतिक व्यक्तिले गर्दछन् र तिनीहरूबाट नै कम्पनीको सम्पूर्ण कार्य सञ्चालन हुने कुरामा दुईमत हुँदैन । यस्ता कानूनी व्यक्तिको स्थापना, सञ्चालन तथा अन्त्य कानूनबमोजिम मात्र हुन्छ । कानूनबमोजिम कार्य सञ्चालन गरिने भएपछि प्रतिवादी कम्पनीको काम कारवाहीमा सञ्चालकले नै गर्ने भन्ने कम्पनी नियमावलीमा व्यवस्था गरेको वा उक्त कम्पनीको साधारण सभाबाट पारित भएको हुनै पर्दछ । तत्बमोजिम प्रतिवादी कम्पनीले कम्पनीका विभिन्न कार्यहरू यस कार्यविधिबाट सञ्चालन गर्ने भन्ने निर्णय गरी निर्देशिका बनाएको नदेखिने ।

दुबै पक्षहरू बीच सहमति भई एकपक्षले पूरा गर्नुपर्ने दायित्व पूरा गरेको र अर्को पक्षले रकम बुझाउनु पर्ने दायित्व पूरा नगरेको कारण प्रतिवादी कम्पनीका सञ्चालक समीर रानालाई कागज गराएको देखियो । करार परिपालना नभएमा यस्तो कार्यविधि अवलम्बन गरिने र मर्का पर्ने पक्षले यो यस्तो कार्यविधिबाट क्षतिपूर्ति लिने भन्ने करारमा नै व्यवस्था गरेको हुनुपर्ने ।

कम्पनीको सीमित दायित्व हुने र कम्पनीको दायित्वमा शेयरधनी वा सञ्चालक जिम्मेवार नहुने भन्ने प्रतिवादीको जिकीर करारले निर्दिष्ट गरेको व्यवस्था यथावत् परिपालन हुन नसकेपछि त्यसबाट सिर्जित दायित्व आफूले व्यहोर्ने भन्ने व्यहोराको प्रतिवादी समीर रानाको कागजबाट करारको समाप्ति भई करारमा उल्लिखित बाँकी दायित्व पछिको लिखतबाट प्रतिवादी समीर राना आफैँले स्वीकार गरेको हुँदा आफैँले कारोवार गरी निज जमानीकर्ता मात्र नभई सो कम्पनीका कारोवार गर्ने सञ्चालक समेत भएको हुँदा छुट्टै फिराद दायर गर्नुपर्ने भन्ने पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिँने ।

इजलास अधिकृतः अम्बिका निरौला

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०७८६, लिखत बदर, *बीरा महमद देवान वि. खोभारी साह कलवार*

कसैको हकमा असर वा हानि पुग्ने गरी कसैको हक लाग्ने जग्गा कसैको लिखत गरी लिए दिएको भएमा र सो कार्य जालसाजी ठहरेमा त्यस्तो कार्य कानूनविपरीत हुन जाने भई जुनसुकै अवस्थामा वदरभागी हुने ।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०७८७, लिलामी मुचुल्का तथा तामेली पर्चा बदर तथा दर्ता बदर समेत, *बीरा महमद देवान वि. खोभारी साह कलवार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ०५४१, कीर्ते, *बीरा महमद देवान वि. खोभारी शाह कलवार*

कीर्ते जस्तो अपराधको आरोपको पुष्टि वस्तुनिष्ठ प्रमाणबाट हुनु पर्दछ । बिना आधार प्रमाण आरोप लगाएकै भरमा कसैलाई दोषी मान्न नमिल्ने ।

वादीले दावी गरेको मालपोत कार्यालयमा परेको मिति २०६१।१०।१९ को निवेदनमा यी प्रतिवादीको कुनै पनि संलग्नता प्रत्यक्ष वा परोक्षरूपमा

कुनै पनि प्रमाणबाट नदेखिएको हुनाले बिना सबूद प्रमाण कुनै पनि आपराधिक आरोपको पुष्टि नभएसम्म दोषी मान्न नसकिने हुँदा वादी दावीअनुसार प्रतिवादीले कीर्ते गरको भन्न नमिल्ने ।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ०५४२, जालसाजी, *बीरा महमद देवान वि. खोभारी शाह कलवार*

वादीले आफ्नो फिरादपत्रमा लिलाम मुचुल्का र तामेली पर्चा समेत बदर मुद्दामा मेरो नाउँमा जारी भएको इतलायनामा म्याद मिति २०६१।१२।१५ गते तामेल भई सो मितिमा थाहा पाई फिराद दिएको भनी उल्लेख गरेको पाइन्छ। वादीको फिराद हेर्दा मिति २०६२।०३।१६ मा दर्ता भएको देखिन्छ। यसरी वादीको फिराद हदम्यादभित्र दर्ता भएको होइन भन्न नमिल्ने ।

वादीसँग प्रतिवादी ओली देवानले रू. ५,००,०००।- (पाँच लाख) लिई म्यादभित्र फिर्ता नदिएको अवस्थामा यी वादीले निज प्रतिवादीउपर मिति २०५५।१०।१८ मा लेनदेन मुद्दामा फिराद दिई मिति २०५५।१०।२० मा जग्गा रोक्का हुने आदेश भएको कुरा थाहा पाई प्रतिवादीहरूले आपसमा मिलेमतो गरी वादीको हक मेट्ने, वादीलाई नोक्सान पार्ने उद्देश्यले प्रतिवादी ओली देवानले प्रतिवादी वीरा मोहमद देवानलाई मिति २०५५।१०।२० मा बकसपत्र पारीत गरी दिएको देखिँदा प्रतिवादी ओली देवानले वादीसँग रूपैयाँ लिई चुक्ता नगरी उक्त रकम भुस गर्ने, वादीलाई ठाडै नोक्सान पार्ने गरी वादीको बिगोमा जग्गा रोक्का भए पनि रोक्का छैन भनी लेखाई झूट्ठा गरी बनाई पारी उक्त बकपत्र लिए दिएको हुनाले प्रतिवादीले उक्त कीर्ते कागजको ३ नं. अन्तर्गत आपराधिक काम जालसाज गरेको प्रष्ट देखिने ।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको CI-१०३१, निषेधाज्ञा, मिश्रित परमादेश, *वीरेन्द्रप्रसाद अमात्य वि. इलाका प्रहरी कार्यालय, नवलपुर कावासोती नवलपरासी समेत*

शान्ति सुरक्षा कायम गरिपाऊँ भनी इलाका प्रहरी कार्यालयमा निवेदन दिएकै भरमा विपक्षी तिलवीर र सन्तोष सारूले निवेदकले जीउः धनमा धाक धम्की दिई अशान्ति गरे होलान् भनी अर्थ गर्न मिल्ने देखिँदैन। इलाका प्रहरी कार्यालय नवलपुरले यी पुनरावेदक निवेदकले दिएको निवेदनउपर छानवीन कारवाही गरेकै मिसिलबाट देखिएको छ। साथै अन्य विपक्षीहरूले पनि निवेदकलाई यो यस्तो अशान्ति हुने कार्य गर्ने गराउने पक्का आशंकाको स्थिति छ भन्ने वस्तुनिष्ठ आधार निवेदकले पेश गर्न सकेको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं.२०६४-WO-१०१६, उत्प्रेषणयुक्त परमादेश, *छत्रबहादुर लिम्बु वि. धनराज लिम्बू समेत*

सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाको कार्यान्वयनको क्रममा यी रिट निवेदकका नाममा रहेको कि.नं. ११७९४ ज.वि. ०-१-० जग्गा विपक्षी धनराज लिम्बूका नाममा दा.खा. नामसारी गरिदिने गरी पुनरावेदन अदालत इलामले गरेको मिति २०६४।१०।२४ को आदेश, झापा जिल्ला अदालतबाट उल्लिखित कि.नं. ११७९४ को ज.वि. ०-१-० जग्गा धनराज लिम्बूका नाममा दा.खा. नामसारी गरिदिने गरी भएको मिति २०६५।२।२७ को मुचुल्का र उक्त मुचुल्काबमोजिम जग्गा दा.खा. नामसारी गरिदिन झापा जिल्ला अदालतबाट मालपोत कार्यालय झापालाई लेखेको मिति २०६५।२।२६ को पत्रमा कुनै कानूनी त्रुटि नदेखिदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६७ साल फागुन १५ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३-CR-०१४८, भ्रष्टाचार, *तेजबहादुर चन्द वि. नेपाल सरकार*

कुनै ओहदा पाउन, ओहदामा बहाल रहन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले प्राप्त नगरेको शैक्षिक उपाधि प्राप्त गरे भनी ढाँटी नक्कली प्रमाणपत्र बनाई पेश गरेमा सो कार्य कसूरजन्य अपराध हुन जान्छ। अतयव निज प्रतिवादीले प्राप्त नगरेको शैक्षिक उपाधि प्राप्त गरे भनी नक्कली प्रमाणपत्र पेश गरी रेञ्जर पदमा बहाल रहेको र सो पदको लाभ सुविधा प्राप्त गरेको देखिँदा निजको उक्त कार्य कसूरजन्य अपराध भएको र त्यसरी शैक्षिक योग्यता ढाँटी पदमा आसीन भएको सो कार्य दण्डनीय हुने हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा २९(२) बमोजिम रू.२५००।- जरीवाना हुने।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ बैशाख ५ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६२ सालको फौ.पु.नं. ३६६६, भ्रष्टाचार, *प्रभा के.सी. वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०७७२, कर्तव्य ज्यान, *मीना राई वि. नेपाल सरकार*

अनैतिक शारीरिक सम्पर्कबाट गर्भ बोकी जिउँदो बच्चा जन्माई उक्त बच्चालाई घाँटी थिची, मुख थुनी मारी ठूलो ढुङ्गाको चेपमा फालेको तथ्य निजको वयान तथा अन्य परिस्थितिजन्य प्रमाण समेतबाट शंकारहित तवरले पुष्टि भएको देखिँदा निज प्रतिवादीले अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. अनुसारको कसूर अपराध गरेको देखिँदा निजलाई सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

उक्त आपराधिक कार्य हुँदाको परिस्थिति समेतलाई विचार गर्दा सामाजिक लाञ्छना तथा लोकलज्जाबाट बच्नको लागि उक्त कसूर अपराध गरेको देखिन्छ। यी प्रतिवादीको उमेर घटना घट्दाको अवस्थामा २७ वर्षको मात्र रही निज प्रतिवादीको जिम्मेवारीमा तीनजना छोराछोरी समेत रहेको देखिएको र यिनको विगतको पृष्ठभूमि समेतलाई हेर्दा आपराधिक मनोवृत्ति रहे भएको समेत मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन। यी प्रतिवादीले कसूर अपराध गरेको तथ्यलाई स्वीकार्दै सत्यतथ्यसहितको बयान दिई अनुसन्धान तथा अदालतको न्यायिक कार्यलाई समेत सहयोग पुऱ्याएको देखिएको र अपराध हुँदाको परिस्थिति समेतलाई विचार गर्दा यी प्रतिवादी मीना राइलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम ५ (पाँच) वर्ष मात्र कैद हुने।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम्।

९

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०५५८, २०६७ सालको साधक नं. ०६७-RC-००४०, कर्तव्य ज्यान, *पदमबहादुर लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तोष लिम्बू*

प्रस्तुत वारदातमा घटनाको प्रत्यक्षदर्शी दीपा लिम्बूको मौकाको कागज तथा अदालतको बकपत्र तथा बुझिएका व्यक्तिहरूको मौकाको कागज तथा अदालतको बकपत्र समेतबाट प्रतिवादीद्वयले मौकामा गरेको कसूरमा साविती हुँदै गरेको बयानलाई समर्थन र पुष्टि गरेको अवस्था छ। प्रस्तुत घटना वारदातमा दीपा लिम्बू प्रत्यक्षदर्शी भएको कुरामा विवाद छैन। प्रतिवादीहरूको मौकाको बयानलाई दीपा लिम्बूको मौकाको कागज तथा बकपत्र र प्र. पदमबहादुरको घरबाट बरामद भएको हतियार बामफोकको प्रतिवादीबाट सनाखत समेत भएबाट प्रस्तुत वारदात घटना प्रतिवादीहरूको कर्तव्यबाट भएको तथ्य स्थापित भएको देखिन्छ। मिसिल संलग्न प्रमाण कागजातहरूलाई विश्लेषण गर्दा प्रतिवादीहरूले मौकाको साविती बयानलाई अदालतमा आई इन्कारी गरेता पनि सो इन्कारीलाई कुनै पनि प्रमाणबाट पुष्टि गर्न सकेको समेत नदेखिँदा प्रतिवादीहरू पदमबहादुर

लिम्बू र सन्तोष लिम्बूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. विपरीतको कसूर अपराधमा ऐ. को १३(३) नं. अनुसार जन्मकैद हुने ।
इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०६२२, सार्वजनिक बाटो कायम, *मंगललाल श्रेष्ठ वि. स्वयम्भुलाल मानन्धर*

जग्गा (नापजाँच) ऐन, २०१९ को दफा १३ मा, "दफा १२ बमोजिम तोकिएको अधिकारी वा मालपोत कार्यालयको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो भए गरेको मितिले ३५ दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ" भनी उल्लेख भएको छ। उक्त व्यवस्था अन्तर्गत ऐ. को दफा १२ मा भएको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ। उक्त दफा १२ ले दण्ड सजायसम्बन्धी व्यवस्था गरेको हुँदा दफा १३ बमोजिम तोकिएको अधिकारी वा मालपोत कार्यालयको प्रमुखले गरेको दण्डसजायउपर मात्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने व्यवस्था भएको देखिन्छ। प्रस्तुत मुद्दामा ६ नं. नापी गोश्वाराले दण्डसजाय सम्बन्धी निर्णय गरेको नभई भोगचलनका आधारमा जग्गा दर्ता गर्ने निर्णय गरेको देखिँदा दफा १३ बमोजिम प्रस्तुत मुद्दा हेर्ने पुनरावेदन अदालतलाई क्षेत्राधिकार भएको नदेखिँदा क्षेत्राधिकारको अभावमा पुनरावेदन खारेज हुने ।
इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६५-CI-०६२१, बाटो कायम, *मंगललाल श्रेष्ठ वि. स्वयम्भुलाल मानन्धर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## एकल इजलास

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको रिट नं. ०६७-WO-०५३५, उत्प्रेषणयुक्त परमादेश, *प्रभुराम थारू वि. प्रहरी किताबखाना समेत*

रिट क्षेत्रबाट निवेदकले कानून प्रतिकूल कार्य गरेका हुन् वा होइनन् सो सम्बन्धमा प्रमाण बुझ्ने र मूल्याङ्कन गर्ने कार्य नहुने ।

रिटबाट निर्णय गर्ने निकायलाई निर्णय गर्ने अधिकार छ छैन ? कानूनी प्रक्रिया पूरा गरी निर्णय गरेको छ छैन र त्यस्तो निर्णयबाट निवेदकको संविधान एवं कानून प्रदत्त हकमा प्रतिकूल आघात परेको छ छैन भन्नेसम्म हेरिने ।
इजलास अधिकृतः शिवप्रसाद ढकाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल मंसिर २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला,** संवत् २०६७ सालको रिट नं. १०५५, उत्प्रेषणयुक्त परमादेश, *डिलाराम जैसी वि. नेपाल सरकार गृह मन्त्रालय समेत*

प्रहरी सेवामा भर्ना भई प्रहरी ऐन र नियमावलीले तोकेको दायित्व पूरा गर्नुपर्नेमा सो नगरी १० दिन घर बिदा स्वीकृत गराई घर गएपछि सो बिदा समाप्त भएपछि कार्यस्थलमा नगई र आफू कार्यालयमा यस कारणले उपस्थित हुन नसकेको भनी कानूनबमोजिम जानकारी नगराई लामो समयसम्म बिना सूचना बसेपछि अञ्चल प्रहरी कार्यालय, राप्तीले कानूनबमोजिम निजलाई नोकरीबाट हटाउने गरी गरेको निर्णयलाई सदर गर्ने गरेको मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालयको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृतः अम्बिका निरौला
इति संवत् २०६८ साल बैशाख ३० गते रोज ६ शुभम् ।

**सर्वोच्च अदालत बुलेटिन २०६८, अङ्क २, वैशाख १६ - ३१, पूर्णाङ्क ४५२ मा साल वसाली मुद्दाको स्थिति छुट्न गएको हुँदा यस अङ्कमा समावेश गरिएको छ ।**
- सम्पादक

## अदालत गतिविधि

# सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूबाट पद बहालीपश्चात् मिति २०६८।२।१० मा दिनु भएको निर्देशन

**माननीय मुख्य न्यायाधीशहरू**
**पुनरावेदन अदालत सबै,**

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सम्माननीय राष्ट्रपतिद्वारा मलाई सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त गर्नुभएको अवसरमा यहाँ तथा पुनरावेदन अदालत परिवारको तर्फबाट प्राप्त बधाई तथा शुभकामनाका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

संवैधानिक व्यवस्थाअनुसार नेपालको न्यायसम्वन्धी अधिकार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने र न्यायिक अधिकारको प्रयोगको सिलसिलामा मुलुकको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशमा रहने गरी सुम्पिएको कुरा यहाँहरूलाई विदितै छ। संविधानले नै प्रधान न्यायाधीशलाई जिम्मेवारी सुम्पिएको भएपनि यस किसिमको गहनतम् जिम्मेवारी पूरा गर्न प्रधान न्यायाधीशको एक्लो प्रयास मात्र पर्याप्त नहुने भएकाले सदा झैँ यहाँहरूको सक्रिय सहयोग र साथ रहने विश्वास मैले लिएको छु।

इतिहासका कठिनतम् मोडहरूमा पनि नेपालको न्यायपालिकाले नेपाली जनतालाई न्याय प्रदान गर्ने गुरुत्तर जिम्मेवारीलाई पूरा गर्दै आएको कुरा यहाँ स्मरण गराउन चाहन्छु। यस क्रममा मानव अधिकार एवं मौलिक हकको संरक्षण, लोकतान्त्रिक मूल्य मान्यताको जगेर्ना, संविधानवाद र कानूनी शासनको प्रत्याभूति, सामाजिक न्यायको प्रबर्द्धन, दण्डहीनताको अन्त्यका लागि नेपालको न्यायपालिकाले अनवरतरूपमा निष्ठा र निर्भीकतापूर्वक आफूलाई समर्पित गर्दै आएको सर्वविदितै छ। हामीले निर्माण गरेको समृद्ध इतिहासलाई कायम राख्दै नेपालको मूल कानूनको रुपमा रहने संविधानले अपेक्षा गरेअनुरूप भ्रष्टाचार, अनियमितता एवं ढिलासुस्ती हटाई न्यायपालिकालाई स्वतन्त्र, पारदर्शी, उत्तरदायी, जवाफदेही, समावेशी बनाई न्यायिक सुशासन कायम गर्ने र न्यायपालिकालाई समग्रमा विकृतिविहीन संस्थाको रुपमा विकास गरी जनताको आस्था र विश्वास अभिवृद्धि गर्न हामी सबैले समान सोच र अठोटका साथ कार्य गर्नु आजको आवश्यकता बनेको छ। न्यायपालिकाको उच्च नेतृत्व तहमा रहेका हामीहरूबाट सम्पादन हुने हरेक कार्यले देश र जनताको जीवनमा दूरगामी प्रभाव पार्ने भएकाले हाम्रो काम कारवाहीमा निष्पक्षता, इमानदारिता, लगनशीलता, निष्ठा र सदाचार प्रतिविम्वित गराई सिंगो न्यायपालिकालाई आमनागरिकको आस्थाको केन्द्रका रुपमा स्थापित गराउनु हामी सबैको कर्तव्य हो।

वर्तमान समयमा न्यायपालिकाले विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। एकातिर मुद्दाको कारवाही एवं फैसला कार्यान्वयनमा रहेको ढिलाई जस्ता समस्याहरूबाट आमनागरिकहरूले समयमै न्याय पाएको अनुभूति गर्न सकिरहेका छैनन् भने अर्कोतर्फ सबै वर्गका जनताको न्यायमा सहज पहुँचको अभाव, वृत्ति विकासको अवसर र सुविधाको कमी जस्ता कारणहरूले न्यायिक जनशक्तिमा पैदा भएको नैराश्यता एवं उदासीनता, न्यायपालिकाबाट सञ्चालन गरिनु पर्ने कार्यक्रमहरूका लागि पर्याप्त स्रोत साधनको अभावका साथै भ्रष्टाचार, अनियमितता, विकृति विसंगतिहरू जस्ता समस्याहरू हाम्रो सामू मूलभूत चुनौतीको रुपमा रहेका छन्। आगामी दिनमा यी चुनौतीहरूलाई सामना गर्न उच्च मनोवलका साथ कार्यसम्पादन गर्ने वातावरण निर्माण गर्ने तर्फ हाम्रा प्रयासहरू केन्द्रित रहनेछन् भन्ने म विश्वास दिलाउन चाहन्छु।

तर, न्यायपालिका सामु विद्यमान रहेका विभिन्न खालका चुनौतीहरूको सामना गर्न कुनै व्यक्ति विशेषको एक्लो प्रयास मात्र पर्याप्त हुँदैन। त्यसका लागि हामी सबैको सामूहिक प्रयास अपरिहार्य हुने हुँदा समूहगत रूपबाट कार्य गर्ने संस्कृतिको निर्माण गर्नु जरुरी भैसकेको छ। यसका लागि हामीले न्यायपालिकाभित्रका विद्यमान संयन्त्रहरूलाई बढी सुदृढ, सक्षम, निष्ठावान र जवाफदेहीका साथ वैज्ञानिक ढंगले परिचालन गर्दै भावी दिनमा न्याय सम्पादन एवं न्याय प्रशासनलाई प्रभावकारी बनाउन देहायमा उल्लिखित थप उपायहरू अवलम्वन गरी कार्य गर्नु अपरिहार्य देखिएकाले यो निर्देशन जारी गरेको छु।

यो निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र यहाँले आफ्नो जिम्मेवारी वहनका क्रममा देखे भोगेका र अनुभव गरेका समस्याहरू र त्यसको समाधानका उपायहरू सहितको प्रतिवेदन र तत्पश्चात् निर्देशनको कार्यान्वयनको अवस्थाका वारेमा त्रैमासिक रूपमा प्रतिवेदन तयार गरी प्रधान न्यायाधीशसमक्ष नियमित रुपमा पठाउने व्यवस्था मिलाउनु होला।

यी निर्देशनहरूलाई सार्थक तुल्याउँदै सेवाग्राहीले अनुभूति गर्न सक्ने किसिमबाट न्याय सम्पादन/प्रशासनमा सुधार गर्ने कार्यमा यहाँले महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुऱ्याउनु हुनेछ र यस क्रममा तत्कालीन सम्माननीय प्रधान न्यायाधीशहरूले यस अघि जारी गर्नु भएको निर्देशनहरूलाई समेत सम्मान र पालना गर्नु हुनेछ भन्ने आशा एवं विश्वास गरेको छु :

१. **न्याय सम्पादनमा शीघ्रता ल्याउन तथा मुद्दा व्यवस्थापनमा वैज्ञानिक पद्धति अपनाउन देहायबमोजिम गर्नु गराउनु होला:**

- **मुद्दा दर्ता प्रक्रियामा सुधार गर्ने:** पक्षको स्पष्ट वतन नलेखिएको कारण कतिपय अवस्थामा म्याद तामेल गर्नमा नै अदालतले अनावश्यक रूपमा धेरै समय खर्चिनु परेको तथ्यलाई हृदयंगम गरी मुद्दा दर्ता गर्न ल्याउँदा जिल्ला अदालत नियमावलीको नियम १४ मा उल्लिखित व्यवस्थालाई कडाइका साथ पालना गरी पक्षको वतन सकभर स्पष्ट पार्न लगाई मुद्दा दर्ता गर्नु गराउनु होला।
- **नियमितरुपमा अन्तर्क्रिया गरी म्याद तामेली समस्या समाधान गर्ने गराउने:** म्याद तामेलीको कार्यमा अदालतको एक्लो प्रयास मात्र पर्याप्त नहुने, यसमा स्थानीय निकायको भरमग्दूर सहयोगको आवश्यकता रहने भएकाले अदालतका तामेलदार कर्मचारी र स्थानीय निकायका पदाधिकारी/कर्मचारीबीच नियमित रूपमा अन्तर्क्रिया गरी उनीहरूबाट प्राप्त सुझावका आधारमा म्याद तामेली प्रक्रियामा शीघ्रता ल्याउनु होला। यसका लागि न्यायक्षेत्र समन्वय समितिलाई प्रभावकारी रुपमा क्रियाशील गराउनुका साथै जिल्ला अदालत नियमावली, २०५२ को नियम ९३क अनुरूप म्याद तामेलीको अभिलेख राख्ने र म्याद तामेलीसम्बन्धी प्रतिवेदन मासिक रुपमा लिई अनुगमन गर्ने कार्यलाई कडाइका साथ पालना गर्न लगाउनु होला।
- **पुराना मुद्दाको फछ्र्यौटका लागि विशेष पहल गर्ने:** यस क्रममा न्यायपालिकाको दोस्रो रणनीतिक योजनाअनुरूप प्रत्येक अदालतले वनाएको वार्षिक योजना तथा सोको कार्यान्वयनको निमित्त बनाइएको मुद्दाको कार्ययोजनाअनुरूप कार्य भए नभएको तर्फ विशेष चासो दिनु होला। अदालत र न्यायाधीशगत रुपमा निर्धारण गरिएको मुद्दा फछ्र्यौटको लक्ष्य हाँसिल भए नभएको निरन्तर रुपमा अनुगमन गरी सोको मूल्यांकनलाई समेत त्रैमासिक प्रतिवेदनमा समावेश गर्नुहोला।
- मुद्दाको शीघ्र कारवाहीमा आन्तरिक निरीक्षणको महत्वपूर्ण स्थान रहने हुँदा आन्तरिक निरीक्षणलाई नियमित एवं प्रभावकारी बनाउन नियमित अनुगमन गर्नुहोला।

- मुद्दामा (विशेषतः पुरानामा) अनावश्यक रुपमा पेशी स्थगित गर्ने कार्यलाई निरुत्साहित गर्न र बहस व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल बार एशोसिएशनका एकाइसँग नियमित रूपमा अन्तरक्रिया गरी सकभर सबै मुद्दाको यथा समय सुनुवाई गर्ने वातावरणको निर्माण गर्नुहोला। यसैगरी मुद्दा व्यवस्थापनका विषयमा अदालतका कर्मचारी र आवश्यकताअनुसार बारको पनि प्रतिनिधित्व गराई नियमित रूपमा अन्तर्क्रिया गर्ने गराउने तर्फ ध्यान दिनुहोला।

- मुद्दा अदालतमा दायर भएपछि त्यसमा क्रमैसँग गरिनुपर्ने कार्यका लागि लाग्ने समयको अन्दाज गरी सोहीअनुरूपको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएमा मुद्दा व्यवस्थापन सहज र वैज्ञानिक हुन्छ। यसका लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४१क अनुरुप प्रत्येक मुद्दाको कारवाहीको समय तालिका निर्धारण गरी मिसिल सामेल राखी सोही अनुरूप मुद्दा व्यवस्थापनको कार्य गर्नु गराउनु होला।

- मुद्दाको अंग पुऱ्याउने तथा मुद्दा सुनुवाई गर्ने क्रममा रहेका व्यवस्थापकीय एवं कार्यविधिगत जटिलतालाई न्यूनीकरण गर्ने तर्फ विशेष पहल गर्नु होला। सो क्रममा तहाँबाट न्यूनीकरण गर्न नसकिने परिस्थिति उत्पन्न भएमा सोको जानकारी गराउनु होला।

- असहाय, गरिब एवं सीमान्तकृत वर्गको न्यायमा सहज पहुँच पुऱ्याउन बैतनिक कानून व्यवसायीको सेवामा प्रभावकारिता ल्याउनु होला।

२. **फैसला कार्यान्वयनमा शीघ्रता ल्याउन देहायबमोजिम गर्नु गराउनु होलाः**

- फैसला कार्यान्वयन छिटो, छरितो एवं प्रभावकारी भएमा मात्र जनताले वास्तविकरुपमा न्याय पाएको अनुभव गर्दछन्। राज्य र जनताले न्यायपालिकाप्रति राखेको अपेक्षाको मापन गर्ने मुख्य आधार फैसला कार्यान्वयनको अवस्था नै रहेकाले यो पक्षमा यहाँहरूको संवेदनशीलता अपरिहार्य ठानेको छु। यसका लागि विद्यमान संयन्त्रहरूलाई प्रभावकारी रुपमा परिचालन गरी देहायबमोजिम गर्नु गराउनु होलाः
  - सामान्यतया फैसला कार्यान्वयनका लागि तहसीलदारलाई नै उत्तरदायी बनाउने,
  - फैसला कार्यान्वयन प्रक्रियालाई सहज र प्रभावकारी बनाउन अदालत व्यवस्थापन समिति र न्याय क्षेत्र समन्वय समितिलाई क्रियाशील गराउने,
  - फैसला कार्यान्वयनका सम्वन्धमा परेका अ.वं. १७ नं. र दण्ड सजायको ६१ नं. अन्तर्गतका निवेदनहरू प्राथमिकताका साथ किनारा गर्ने व्यवस्था मिलाउने,
  - जिल्ला अदालतमा रहेको दण्ड जरीवानाको लगत अद्यावधिक गरी त्यस्तो अद्यावधिक विवरण नियमित रुपमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउने पद्धतिको विकास गर्ने,
  - दशीको रुपमा रहेका र जफत गरिएका भौतिक मालसामानको उचित व्यवस्थापन गर्ने। सडी गली जाने वा व्यवस्थापन गर्न नसकिने मालसामान भए नियम बमोजिम लिलाम गर्नेतर्फ कारवाही चलाउने।
  - फैसला कार्यान्वयन सम्बन्धमा जिल्ला न्यायाधीशलाई समेत सक्रिय र उत्तरदायी बनाई निजबाट पनि प्रभावकारी अनुगमन गराउने र मुख्य न्यायाधीशले पनि आवधिक रुपमा प्रतिवेदन लिई अनुगमन गर्ने गराउने।

- माथि उल्लेख गरिएअनुरूप प्रधान न्यायाधीश कहाँ पठाउने आवधिक प्रतिवेदनमा फैसला कार्यान्वयन सम्वन्धमा भएको प्रगति, देखिएका समस्या एवं समाधानका उपायहरू सहितको विवरणसमेत समावेश गर्ने ।

३. **भ्रष्टाचार, अनियमितता, विकृति, विसंगति हुन नदिन देहायबमोजिम गर्नु गराउनु होलाः**

- **दण्ड र पुरस्कारलाई वस्तुपरक बनाउन प्रभावकारी निरीक्षण/अनुगमन गर्ने गराउनेः** न्याय सम्पादनको क्रममा असल नियतका साथ कानूनबमोजिमका काम कारवाही गर्न कुनै पनि न्यायकर्मी विचलित हुनुपर्ने अवस्था हुँदैन । आफ्नो जिम्मेवारी इमानदारितापूर्वक सक्षमता र निष्पक्षताकासाथ सम्पादन गर्ने जनशक्तिलाई सदैव सम्मान एवं पुरस्कृत गरी उनीहरूको मनोबल उच्च बनाउन, न्यायिक आचरण र अनुशासनविपरीतका हरेक कार्यमा शून्य सहनशीलताको नीति अवलम्वन गर्न र न्याय सम्पादनको कार्यमा कसैसँग सम्झौता नगरी न्यायमा शुद्धता र निष्पक्षता ल्याउन न्याय परिषद ऐन, २०४७, न्याय परिषद् नियमावली, २०५६, न्यायाधीशको आचार संहिता, २०६५, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० समेतलाइ आधार मानी पुरस्कार एवं दण्डलाई वस्तुपरक बनाउन यहाँले मातहतका अदालत तथा निकायमा प्रभावकारी निरीक्षण/अनुगमन गर्नु गराउनु होला ।
- प्रत्येक अदालतमा सेवाग्राहीको गुनासो सुन्ने प्रयोजनका लागि मुख्य न्यायाधीश तथा जिल्ला न्यायाधीशको प्रत्यक्ष निगरानीमा रहने गरी एउटा प्रभावकारी संयन्त्रको व्यवस्था मिलाउनु होला ।
- आफ्नो तथा मातहतका अदालतमा वित्तीय पारदर्शिता कायम राख्न र वेरूजु कम गर्न आर्थिक ऐन नियमको कडाइका साथ पालना गराउनु होला । आर्थिक प्रशासन सञ्चालन गर्ने पदाधिकारीको कार्य सम्पादन मूल्याँकन गर्दा बेरूजूलाई पनि आधार बनाउनु होला ।
- नेपाल बार एशोसिएशनका सम्वन्धित एकाइहरू, सञ्चार क्षेत्रसँग सम्वन्धित संस्थाहरू आदिसँग नियमितरुपमा अन्तर्क्रिया गरी प्राप्त हुने उपयुक्त सुझावहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु होला ।

४. **जनशक्ति व्यवस्थापन गर्दा देहायबमोजिम गर्नु गराउनु होलाः**

- मुद्दा व्यवस्थापनलाई प्रभावकारी एवं वैज्ञानिक बनाउन दक्ष, सक्षम र उत्प्रेरित जनशक्ति आवश्यक पर्ने भएकाले जनशक्तिको क्षमतामा सुधार ल्याउन व्यावहारिक ज्ञान दिने खालको तालिम कार्यक्रम सम्भव भएसम्म स्थानीय स्तरमा नै सञ्चालन गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा न्याय सेवा तालिम केन्द्रसँग आवश्यक समन्वय गर्नु होला । यस सम्वन्धमा सर्वोच्च अदालतबाट समेत आवश्यक पहल गरिने विश्वास दिलाउन चाहन्छु ।
- पद रिक्त हुनासाथ पूर्ति गर्ने प्रक्रिया तुरुन्त अगाडि बढाउन लगाई मातहतका अदालतको कार्यबोझलाई बस्तुपरक रुपले मूल्याँकन गरी जनशक्तिको सरूवा तथा काजको व्यवस्था मिलाउनु होला,
- फैसला कार्यान्वयन, म्याद तामेली, नाप नक्सालगायतका कार्यको सिलसिलामा कार्यस्थलमा खटिने कर्मचारीको सुरक्षाप्रति संवेदनशील भई सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायहरूसँग समन्वय कायम गर्नुहोला ।
- नियमित रूपमा कार्यालयमा हाजिर भई सवैले अनुशासित तवरले इमानदारी र तत्परतासाथ कार्य गर्नु अपरिहार्य हुन्छ । यस क्रममा न्यायाधीश तथा कर्मचारीले सकेसम्म पहिले बिदा स्वीकृति गराएर मात्र कार्यालयमा

अनुपस्थित हुने गरेमा निजद्वारा सम्पादन हुने कामका लागि वैकल्पिक प्रवन्ध गर्न सजिलो हुन्छ। यसै तथ्यलाई हृदयंगम गरी आगामी दिनमा सबै न्यायकर्मी तथा कर्मचारीले आफूभन्दा माथिल्लो पदाधिकारीको पूर्व स्वीकृति लिएर मात्र कार्यालयमा अनुपस्थित हुने वातावरणको सिर्जना गर्ने तर्फ विशेष पहल गर्नु होला।

- केही जिल्लामा अहिले पनि असुरक्षाको स्थिति रहेको भनी सूचनाहरू प्राप्त हुने गरेको अवस्था छ। त्यस्ता अदालतमा कार्यरत् कर्मचारीहरूमा सुरक्षाको अनुभूति गराउन र उनीहरूलाई प्रोत्साहित गरी मनोवल उच्च बनाई राख्न आवश्यक पहल भै रहेको जानकारी गराउनु होला। साथै तहाँ कार्यरत् न्यायिक जनशक्तिको मनोवल उच्च बनाउन, अदालत तथा न्यायिक जनशक्तिको सुरक्षा व्यवस्था सुदृढ पार्न तथा कर्मचारीको सरुवा प्रक्रियालाई अनुमानयोग्य तुल्याउन के कस्ता उपायहरू अवलम्वन गरिनुपर्छ भन्ने सम्वन्धमा राय सुझाव सहितको प्रतिवेदन यो निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र पठाउनु होला।

५. **न्यायपालिकाको दोस्रो रणनीतिक योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन देहायबमोजिम गर्नु गराउनु होलाः**

रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम समग्र अदालतको काम कारवाहीलाई बार्षिक कार्ययोजना बनाइ सोही आधारमा सम्पादन गर्ने, स्रोत साधनको व्यवस्थापन योजनामा आधारित भएर गर्ने, योजनाको लक्ष्य हासिल भए नभएको नियमित अनुगमन र समीक्षा गर्ने, अदालतको योजना कार्यान्वयन संयन्त्रलाई सक्रिय बनाउने, मातहत अदालतको निरीक्षण गर्दा योजनाको कार्यान्वयन पक्ष समेत हेर्ने व्यवस्था मिलाउनु होला।

६. **न्याय सम्पादन/न्याय प्रशासनको क्रममा सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै भौतिक स्रोत साधनको समुचित व्यवस्थापन गर्न देहायबमोजिम गर्नु गराउनु होलाः**

- अदालतका काम कारबाही (विशेषतः मुद्दा व्यवस्थापन तथा फैसला कार्यान्वयन) लाई सूचना प्रविधिमा आबद्ध तुल्याउन कम्प्युटर र सोको सफ्टवेयर लगायतका विद्यमान स्रोत साधनहरूको अत्यधिक उपयोग गर्नु होला।
- सर्वोच्च अदालतसँग सूचना सञ्जाल जोडिएका अदालतहरूको कार्यको प्रभावकारिताको नियमित रूपमा अनुगमन गर्नु होला।
- अदालतमा नियमित रुपमा पठाउनु पर्ने आवधिक प्रतिवेदनहरू यथासमयमै र सम्भव भएसम्म सूचना प्रविधिको माध्यमबाट पठाउने व्यवस्था मिलाउनु होला।
- अदालतमा रहेका सवारी साधनलगायत न्यायाधीशलाई प्राप्त सुविधाका सवारी साधन तथा अन्य भौतिक चीजवस्तुहरूको प्रयोग गर्दा मितव्ययिता एवं औचित्यतातर्फ सबैको ध्यानाकर्षण गराउनु होला। यस्ता साधनको दुरुपयोग भएमा अनियमितता गरेको सरह मानी तुरुन्त आवश्यक कारवाही गर्नुहोला।
- अदालतमा मौजुद रहेका पुराना भौतिक सामग्रीहरू मर्मत गर्दा प्रयोगमा आउन सक्ने भएमा मर्मत गरी प्रयोगमा ल्याउने तर्फ ध्यान दिनुहोला। मर्मत सम्भार गर्दा पनि उपभोग गर्न नसकिने अवस्थाका माल सामानको हकमा भने कानून बमोजिम लिलाम प्रक्रिया अगाडि बढाउनु होला।

७. **उल्लिखित विषयका अतिरिक्त देहायका विषयमा पनि गम्भिरतापूर्वक ध्यान दिनुहोलाः**

- जनताको अमूल्य नासोका रुपमा अभिलेखमा रहेका कागजातहरूको सुरक्षा गर्नु हामी सबैको दायित्व हो। हामीले हालसम्म पनि अभिलेखमा एकरुपता अपनाई सोको प्रभावकारी व्यवस्थापन गर्न सकेका छैनौं। त्यसैले फैसला मितिको आधारमा अभिलेख व्यवस्थापन गर्नु गराउनु होला।

- मुल्तवीमा रहेका मुद्दाको संख्या अझै पनि उल्लेख्य मात्रामा रहेको पाइएकोले मिसिलको आन्तरिक निरीक्षणको क्रममा यस्ता मुद्दाको पनि नियमित रुपमा निरीक्षण गरी मुल्तवी जगाउन मिल्ने सबै मुद्दाहरूको मुल्तवी जगाई यथाशीघ्र कारवाही किनारा गर्नुहोला। साथै यस सम्वन्धमा आवधिक प्रतिवेदन माग गरी नियमित रुपमा अनुगमन समेत गर्नुहोला।
- एच.आई.भी./एड्स, संक्रमित व्यक्ति, हिँसाबाट पीडित महिला तथा कानूनसँगको द्वन्द्वमा परेका बालबालिकासँग सम्वन्धित मुद्दामा अनुसन्धानदेखि फैसला कार्यान्वयन सम्मका चरणमा निजहरूको परिचयात्मक विवरण गोप्य राख्न छुट्टै रुपबाट कानूनमा व्यवस्था नभएसम्मका लागि निर्मित **"विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्वन्धी कार्यविधि निर्देशिका, २०६४"** लाई कडाइका साथ पालना गर्ने गराउने तर्फ विशेष पहल गर्नुहोला।
- अर्द्धन्यायिक निकाय पनि न्यायपालिकाको सुपरीवेक्षणभित्रकै निकाय भएकाले ती निकायको न्याय सम्पादनको कार्यमा गुणस्तरीयता ल्याउन प्रभावकारी रूपबाट निरीक्षण गरी निर्देशन दिनुहोला। यी निकायसँग समय समयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु होला। यसका लागि न्याय क्षेत्र समन्वय समितिलाई क्रियाशील गराउनु होला।
- अदालतको स्रोत साधनले भ्याएसम्म सेवाग्राहीलाई अधिकतम् मात्रामा सुविधा प्रदान गर्नेतर्फ विशेष ध्यान दिनुहोला।
- मुद्दाका दुवै पक्षलाई जीत जीतको अनुभवद्वारा सन्तुष्ट बनाउने विवाद समाधानको प्रभावकारी उपायका रुपमा रहेको मेलमिलाप पद्धतिको अवलम्बन तथा प्रयोगलाई प्रोत्साहित गर्ने तर्फ विशेष पहल गर्नुहोला।
- आफ्नो अदालत तथा मातहतका अदालत भवनको अवस्था, मौजुदा भवनको उपयुक्तता एवं नयाँ भवनको आवश्यकता रहेको भए सो सम्वन्धमा समेत जानकारी गराउनु होला।
- मातहत अदालतको निरीक्षणका क्रममा जिल्ला न्यायाधीश र अन्य कर्मचारीको उपस्थितिको नियमितताका सम्बन्धमा समेत जाँची बुझी त्यसलाई सम्बन्धित न्यायाधीश/कर्मचारीको मूल्यांकनको आधार बनाउने गर्नु होला।
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुरूप अदालतका सूचनालाई एकै ठाउँबाट उपलब्ध गराउन सबै अदालतमा सोसम्बन्धी व्यवस्था गर्नेतर्फ पहल गर्नुहोला।

अन्त्यमा, न्याय परिषद ऐन, २०४७ को दफा ४ख र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३क अनुरूप आफ्नो तथा मातहतका अदालतहरूको काम कारवाहीको सम्वन्धमा नियमितरुपमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन समेतको सम्पूर्ण दायित्व तपाईमा नै रहेको र उल्लिखित सवै विषयका सम्वन्धमा आफ्नो क्षेत्रभित्र तपाइँ नै जिम्मेवार पदाधिकारी हुनुभएको व्यहोरा स्मरण गराउन चाहन्छु र ऐ. नियम ३क(५) ले व्यवस्था गरेबमोजिम तपाइको जवाफदेहीता प्रति पनि ध्यानाकर्षण गराउन चाहन्छु। संविधान, ऐन नियमद्वारा सुम्पिएको जिम्मेवारीलाई मूर्तरुप प्रदान गर्न आफ्नो तथा मातहतका अदालतबाट भएका काम कारवाही र सो क्रममा देखिएका समस्या तथा ती समस्या समाधानका उपायसहितको त्रैमासिक प्रतिवेदन (पहिलो पटकका लागि मासिक) प्रधान न्यायाधीशसमक्ष पेश गर्न पुनः आग्रह गर्दै सदा झैं यहाँहरूबाट न्याय सम्पादन तथा न्याय प्रशासनको कार्यमा महत्वपूर्ण सहयोग प्राप्त हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु।

**धन्यवाद !**